का.जि.प्र.का.द.नं. १००/०५९/६०

१५ फागुन २०७८,
आइतबार
27 February 2022,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक २२ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# गठबन्धनबाटै अनुमोदनको तयारी

विवादित परियोजना एमसीसी सत्तारुढ गठबन्धनबाटै अनुमोदन गराउने तयारी भएको छ । तर सत्ता साझेदार नेकपा माओवादी केन्द्र र एकीकृत समाजवादीभित्र अझै सहमति जुट्न बाँकी छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १४ फागुन ।

संघीय संसद सचिवालयले आज बस्ने प्रतिनिधिसभा बैठकमा एमसीसीमाथि छलफल हुने कार्यसूची सार्वजनिक गरेको छ । शुक्रबार स्थगित भएको प्रतिनिधिसभा बैठक आज दिउँसो १ बजे बोलाइएको छ । एक दिन अगाडि शनिबार संसद सचिवालयले एमसीसीमाथि छलफल हुने कार्यसूची सार्वजनिक गरेको छ ।

बिहीबार पनि यो कार्यसूची सार्वजनिक भएको थियो । तर प्रधानमन्त्री शेरबहादुर देउवाले संसद बैठक स्थगित गरेका थिए । एमसीसी अनुमोदन नहुने अवस्था देखिएपछि प्रधानमन्त्री देउवाले स्थगित गरेको प्रतिनिधिसभा बैठक आज बस्न लागेको हो ।

**एमसीसी**

शुक्रबार संसद बैठक स्थगित गरेपछि प्रधानमन्त्री देउवाले सत्ता गठबन्धन र विपक्षी दल नेकपा एमालेसँग लगातार सम्वाद गरे । बिहीबार मात्रै एमालेका अध्यक्ष केपी शर्मा ओलीसहित नेताहरुसँग दुई पटक भेटवार्ता गरे । तर एमालेले कडा सर्त राख्यो । सभामुख अग्निप्रसाद सापकोटा हटाउने, एकीकृत समाजवादीका १४ सांसदलाई हटाउने जस्ता कडा सर्त राखेपछि प्रधानमन्त्री देउवा र एमालेबीच सहमति जुट्न सकेन ।

शनिबार एमाले नेताहरुसँग काँग्रेस फेरि एकपटक सम्वादमा बस्यो । तर सहमति जुट्न सकेको छैन । बालुवाटार निकट स्रोतका अनुसार, एमाले भन्दा पनि अहिले प्रधानमन्त्री देउवाले सत्तारुढ गठबन्धनबाटै एमसीसी अनुमोदनको सहज बाटो रोजेका छन् । त्यसका निम्ति काँग्रेस, माओवादी केन्द्र र एकीकृत समाजवादीका दोस्रो तहका नेताहरुले गृहकार्य गरेका थिए । एमसीसी जस्ताको त्यस्तै अनुमोदन गराउन नहुने अडानमा माओवादी केन्द्र र एकीकृत समाजवादीले

– बाँकी पृष्ठ २ मा

कर्णाली कहानी

# उस्तै छ कथा कर्णालीको

जडिबुटी, जल, जमिन, संस्कृति र प्रकृतिले धनी छ, कर्णाली । तर पनि गरीबी र अविकासले छोडेको छैन । गाउँसम्म सरकार आएको छ, तर सुविधा पुगेको छैन ।





**गणेश रावत/मध्यान्ह**
सुर्खेत, १४ फागुन

तिला गाउँपालिका-६ जुम्लाका ७५ वर्षीय गोरे रावत मंसिर लागे लगत्तै सुर्खेत झरेका छन् । उनी वैशाखमा जुम्ला फर्कने योजनामा छन् । जम्लामा हिँउद महिना अत्याधिक चिसो हुने भएकाले उनी सुर्खेत गर्छन् । उनका निम्ति तिला उस्तै छ, जहिलेबाट थाहा पाए । बाउँवाजेदेखि देखेको कर्णाली फेरिएको छैन, बरु बृद्ध भइसके । उनका दुख उस्तै छ, जीवनशैली

– बाँकी पृष्ठ २ मा

### ■ खच्चडको भर

अहिले पनि कर्णालीको सवारी हो, खच्चड । गाउँमा गाडी पुगेको छैन । कपडा, चामल, नुन, तेल घण्टौ बाटो पार गर्नुपर्छ । राष्ट्रिय लाइन जुम्ला पुग्यो, तर सदरमुकामा मात्र । गाउँबस्ती अध्यारै छन् ।

कर्णालीका ६७ प्रतिशत नागरिक अझै टुकी र सौर्य ऊर्जाका भरमा जीवनयापन गर्छन् । कर्णालीमा ३३ दशमलव ३९ प्रतिशत अर्थात् पाँच लाख ६१ हजार नागरिक मात्रै विद्युत पहुँच छ ।

– बाँकी पृष्ठ २ मा

### ■ बाँच्ने कसरी

गएको दुई साता अघि गोबिन्द रावत कि श्रिमती रंगिला रावतलाई सात महिनाको गर्भावस्थामा अत्यधिक रक्तश्राव भयो । बिस्तारै रगत बग्ने क्रम बढ्दै गएपछि परिवार आत्तिएर अस्पताल ल्याउन स्ट्रेचरमा बोकेर रिपिबाट रारातिर लागे ।

झन्डै ६ घण्टा लगाएर कर्णाली राजमार्गमा पुऱ्याए । बिहानैदेखि रगत बग्न सुरु भए

– बाँकी पृष्ठ २ मा


# उक्साहटले निम्त्याएको बर्बादी

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १४ फागुन ।

रुस र युक्रेनबीच चर्किएको शितयुद्धले यतिबेला हिंसात्मक रुप लिएको छ । रुसले तीनदेखि युक्रेन कब्जाको प्रयास गरेसँगै नागरिक आतंकित मात्रै भएका छैनन्, सयौं नागरिक घाईते र मृत्युको शिकार बनेका छन् ।

रुसले युक्रेनको दक्षिणमा रहेको मेलितोपोल शहरमाथि कब्जा गरेको बताएको छ भने भवनको छतमा मिसाईल बम समेत खसालिरहेको छ । तर, त्यति हुँदा

– बाँकी पृष्ठ २ मा



# माघमा ५४ हजार बढीले लिए श्रम स्वीकृति

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ फागुन

पुस महिनाको तुलनामा माघ महिनामा वैदेशिक रोजगारीका लागि जाने नेपाली कामदारको संख्यामा वृद्धि हुन सकेन । गत मंसिर महिनाको तुलनामा पुसमा पनि वैदेशिक रोजगारीमा संस्थागतरूपमा जाने कामदारको संख्यामा केही घटेको थियो । वैदेशिक रोजगार विभागले तयार पारेको मासिक प्रगति प्रतिवेदन अनुसार माघमा संस्थागतरूपमा ३० हजार २ सय ९७ जनाको श्रम स्वीकृति भएको छ । पुसमा उक्त संख्या ३३ हजार १ सय ९३ थियो ।

पुसमा व्यक्तिगत प्रयासमा नयाँ १ हजार ३ सय ७ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका थिए । वैधानिक माध्यमबाट ७ सय ५३ जना र पुन: श्रम स्वीकृतिका माध्यमबाट २० हजार ९ सय ६५ जनाको श्रम स्वीकृति भएको छ । समग्रमा माघ महिनामा ५४ हजार ४ सय ६५ जनाको श्रम स्वीकृति भएको छ । विभागको प्रगति विवरण अनुसार ८ सय ५४ मध्ये माघ महिनामा ६ सय ५४ म्यानपावर कम्पनीले कामदार पठाउन श्रम स्वीकृति लिएका छन् । २ सय म्यानपावर कम्पनीले माघ महिनामा एक जना कामदारको पनि श्रम स्वीकृति निकालेनन् । माघ महिनामा सबैभन्दा बढी साउदी अरबमा १४ हजार २ सय ३७ जनाको श्रम स्वीकृति भएको छ । साउदी अरबपछि कतार जानेको श्रम स्वीकृति बढी भएको छ । कतार जान ६ हजार ३ सय ४१ जनाले श्रम स्वीकृति लिएका छन् । माघमा यूएई जान ५ हजार ६ सय ३३ जनाले श्रम स्वीकृति लिएका छन् ।

केही म्यानपावर कम्पनीले पुरानो डिमाण्डको पुन: विज्ञापन गराए पनि माघमा मलेसियामा संस्थागतरूपमा एक जनाको पनि श्रम स्वीकृति भएको छैन । अघिल्लो महिनामा जस्तै रोमानिया जाने क्रम माघमा पनि देखिएको छ । रोमानियाका लागि २ सय १४ जनाको श्रम स्वीकृति भएको छ ।

माघमा बेलायतका लागि १२, बहराइनका लागि ९ सय १३ जना, ब्रुनाईका लागि १२, साईप्रसका लागि २ सय २२, इजरायलका लागि २ सय ९७, ओमानका लागि ४ सय २९ जना, कुवेतका लागि १ हजार ८ सय ८० जना, माल्दिभ्सका लागि ६ जना, जोर्डनका लागि ६८ जनाले संस्थागत अर्थात म्यानपावर कम्पनीमार्फत श्रम स्वीकृति लिएका छन् । माघ महिनामा अघिल्ला महिनाहरूमा जस्तै सबैभन्दा बढी धनुषा जिल्लाका युवाहरु वैदेशिक रोजगारमा गएका छन् ।

वैदेशिक रोजगार विशेष

## माघमा बढी कामदार पठाउने म्यानपावर कुन–कुन ?

काठमाडौं/मस- पुस महिनामा ४ सय १४ कामदारको श्रम स्वीकृति निकालेको एसओएस म्यानपावर सर्भिसेज प्रा.लि धेरै कामदार पठाउने म्यानपावर कम्पनीको सूचीको शीर्ष स्थानमा रहेको छ । ४ सय ११ जनाको अन्तिम श्रम स्वीकृति निकालेर अक्सफोर्ड इन्टरनेशनल प्रा.लि दोश्रो, ३ सय ६९ सय जनाको अन्तिम श्रम स्वीकृति निकालेर प्याराडाइज इन्टरनेशनल प्रा.लि तेस्रो, ३ सय ६१ जनाको अन्तिम श्रम स्वीकृति निकालेर फजल इन्टरनेशनल प्रा.लि चौथो, ३ सय ५३ जनाको अन्तिम श्रम स्वीकृति निकालेर साउण्डलाईन रिक्रुटमेन्ट प्रा.लि पाँचौं, ३ सय २२ जनाको अन्तिम श्रम स्वीकृति निकालेर ओशो रिक्रुटिङ एजेन्सी प्रा.लि छैठौं, ३ सय ९ जनाको अन्तिम श्रम स्वीकृति निकालेर सेन्टर क्यापिटल सर्भिस प्रा.लि सातौं स्थानमा रहे ।

त्यस्तै माघ मै २ सय ९७ कामदार इजरायल पठाएको विभाग आठौं, २ सय ९३ जनाको अन्तिम श्रम स्वीकृति निकालेर लक्की एच आर सोलुसन प्रा.लि नवौं र २ सय ६४ जनाको अन्तिम श्रम स्वीकृति निकालेर नोकरी नेपाल रिक्रुटमेन्ट प्रा.लि दशौं स्थानमा रहेका छन् ।

KUWAIT र UAE मा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: ALOUN CATERING CO. CATERING & SUPPORT SERVICES (AL OUN NUTRITION CO W.L.L.) शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०७८/११/१३ चलानी नं.: ६०१७५१११ LT. No.: 258673

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Camp Boss | 7 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५९,४२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 20 | 0 | | 120 | ४७,५८२ | | | | | | | |
| 3. | General Helper | 40 | 0 | | 90 | ३५,६८६ | | | | | | | |

२. कम्पनी: GEEBEE GARMENTS (FZE ) शहर: SHARJAH, UAE
पूर्व स्वीकृत मितिः २०७८/११/१३ चलानी नं.: ६०१७५११० LT. No.: 258664

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Helper | 50 | 200 | स. काममा दक्ष | 800 | २६,१७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन २२ गते (6 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने स्वादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईसके निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Prayag Marga, Baneshwor-9, Kathmandu
Phone : 4481505, 4481905, 4481957
Govt Lic. NO. 647/063/064

VACANCY ANNOUNCEMENT

यस मेनपावर कम्पनीका लागि निम्न कर्मचारी आवश्यक भएको हुँदा दक्ष व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

Documentation Officer - 3 Male/Female

Requirements: Bachelor passed, excellent in Photoshop, Nepali typing skill, MS word with latest technology and Experience in related field.

Salary: Attractive

Send cv : Palhioverseas2006@gmail.com, info@palhioverseas.com

पाल्ही ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ५९४/०६२/०६३
जि.पि.ओ. बक्स: ९७८०, लोसाल अन्नपूर्णमार्ग, चप्पलकारखाना, काठमाडौं, फोन: ०१-४०१५७९२, ४०१५६५५
Website: www.palhioverseas.com
Mobile: 9801212601

कर्मचारी आवश्यकता

यस म्यानपावर कार्यालयको लागि निम्न लिखित कर्मचारीहरु आवश्यक भएको हुँदा ईच्छुक व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्र सहित तुरुन्त सम्पर्क गर्नुहोला ।

- म्यानेजर - १ जना (पुरुष/महिला)
- अफिसर सेक्रेटरी - २ जना (महिला)
- डकुमेन्टेशन अफिसर- २ जना पुरुष/महिला
- पिआरओ- ६ जना (पुरुष/महिला)
- श्रम प्रतिनिधि- १ जना (पुरुष)
- रिसेप्शनिष्ट- २ जना (महिला)
- किचेन हेल्पर- १ जना (महिला)

तलब: आपसी समझदारीमा

योग्यता: सम्बन्धित काममा अनुभव भएकालाई विशेष प्राथमिकता दिईनेछ ।

फ्यूचर स्टार म्यानपावर (प्रा.) लि.
श्रम इजाजत नं.: ३९७/०६०/०६१
सामखुसी-२९, टाउनप्लानिङ्ग, काठमाडौं, फोन: ४३६०५७६, ४३५०७१९
Email: futurestarmp@gmail.com, Web: www. futurestarmanpower.com
Mobile: 9810101810, 9851100426

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१५ फागुन २०७८, आइतबार
27 February 2022, Sunday

## मेलम्चीका ४० किसानलाई अनुदानमा कृषि सामग्री

**देवराज सुवेदी/मध्यान्ह**
मेलम्ची, १४ फागुन



मेलम्ची नगरपालिकाले कृषकहरूलाई ५० प्रतिशत अनुदानमा कृषि सामग्री वितरण गरेको छ। मेलम्ची नगरपालिले वडा नम्बर ११ का ४० किसानहरूको लागि आज कृषि औजार वितरण गरेको हो।

मेलम्ची ११ मा जरायटार कृषि सहकारी संस्था लिमिटेडमार्फत ७ एच. पि पेट्रोल मिनिटिलिर (हाते ट्याक्टर), मकै रोप्ने उपकरणसहित ४० थान वितरण गरिएको मेलम्ची नगरपालिका कृषि विकास शाखाका प्रमुख अमरनाथ आचार्यले जानकारी दिए। कृषि विकास शाखाको आर्थिक वर्ष २०७७/०७८ सशर्त कार्यक्रम अनुसार प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना पकेट विकास कार्यक्रमअनुसार पकेट विकास कार्यक्रम (मकै) सञ्चालनको लागि सामग्री वितरण गरिएको हो। सामग्री वितरण गर्दै मेलम्ची नगरपालिकाका उपप्रमुख भगवती नेपालले कृषिमा आधुनिकीकरण गर्न र व्यवस्थित बनाउनका लागि विभिन्न कृषि औजारहरू वितरण गरिएको जानकारी गराउँदै कृषकका समस्या समाधान गर्न नगरपालिका तयार रहेको बताइन्। कृषि औजार बिग्रने र बनाउन समस्या भएपछि किसानहरूको समस्यालाई मध्यनजर गर्दै नगरपालिकाले मिनिटिलर मर्मत सम्बन्धी तालिम समेत सञ्चालन गरेको छ। नगरपालिकाले यसअघि पनि विभिन्न बिउ बिजन, कृषि सामग्रीहरु किसानहरूलाई वितरण गर्दै आएको कृषि शाखाका प्राविधिक हरि गोपाल श्रेष्ठले जानकारी दिए।

## दैलेखमा ४८० लिटर अवैध घरेलु मदिरा नष्ट

**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, १४ फागुन

दैलेख प्रहरीले विभिन्न स्थानबाट बरामद गरी ल्याएको ४ सय ८० लिटर अवैध घरेलु मदिरा नष्ट गरेको छ। स्थानीय जनप्रतिनिधिहरुको रोहबरमा शनिबार प्रहरीले बरामद गरिएको मदिरा नष्ट गरेको हो।

विशेष सुराकीको आधारमा नारायण नगरपालिका, भैरवी गाँउपालिका र गुराँस गाँउपालिकाका बिभिन्न ठाँउबाट बरामद गरिएका मदिरा नष्ट गरिएको दैलेख प्रहरीले जानकारी दिएको छ। प्रहरीका अनुसार तयारी अवस्थाको १ सय २० र कच्चा पदार्थकोरुपमा रहेको ३सय ६० लिटर अवैध घरेलु मदिरा नष्ट गरिएको हो। दैलेख प्रहरीले अवैधरूपमा मदिरा



उत्पादन र सेवनलाई अन्त्य गर्ने उद्देश्यले चलाएको अभियानअन्तर्गत जिल्लाका विभिन्न ठाउँमा रहेका प्रहरी चौकीको सक्रियातमा उक्त परिणामको मदिरा बरामद गरी नष्ट गरिएको दैलेख प्रहरी प्रमुख भुवनेश्वर प्रसाद साहले मध्यान्हलाई जानकारी दिए।

गाउँघरमा छ्याप्छ्याप्ती पाइने घरेलु मदिराका कारण हिंसात्मक घटना हुनसक्ने भएकाले प्रहरीले केही दिन अघि जिल्लाका सबै स्थानीय तहमा समुदाय प्रहरी साझेदारी कार्यक्रम सञ्चालन गरी अवैध मदिरा बरामद गरेको थियो। सामाजिक अपराधका अधिका'श घटना मदिराका कारण घट्ने भएकाले त्यसको नियन्त्रण तथा निराकरण गर्ने लक्ष्यका साथ यो अभियान थालिएको साहले बताए।

### कर्णाली...

फेरिएको छैन। दुख हटेको छैन। गाउँघरमा सिँहदरबार आएको चर्चा हुने, तर अनुभुति भएन। यो कहानी गोरे एक्लैको होइन।

'जुक जमाना परिवर्तन फेरियो। आधुनिक जमाना आयो। 'कर्णालीको मुहारमा उज्यालो आएन। झरो र टुकीको भरमा समय विताउँदै आएका छौं', गोरे भन्छन्।

जबकी जडिबुटी, जल, जमिन, संस्कृति र प्रकृतिले धनी छ, कर्णाली। तर पनि गरीबी र अविकासले छोडेको छैन। गाउँसम्म सरकार आएको छ, तर सुविधा पुगेको छैन। 'रोजगारीको खोजी युवा पंक्ति विदेशिएका छन्', हिरार बहादुर रावत भन्छन्।

### खच्चडको...

बाँकी १३ लाख अर्थात् ६७ प्रतिशत नागरिक टुकी र दियालोकै भरमा छन्। करिब १८ हजार मेगावाट विद्युत उत्पादन क्षमता र सम्भावना रहेको कर्णालीमा पर्याप्त लगानी नहुँदा बत्तीमुनि अँध्यारोमा बस्न बाध्य छन्, यहाँका नागरिक।

### बाँच्ने...

पनि भौगोलिक विकटता र यातायात पहुँच नभएका कारण रिपिदेखि रारालिही र रारालिहीदेखि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ल्याउँदा ल्याउदै करिब साँझ ५:१५ बज्यो।

तर रगत बग्ने क्रम भने घटेको थिएन्। अझ धेरै पानीको धारा जस्तै रगत बगिरहेको थियो। रंगिलालाई अस्पताल नपुऱ्याइँदै उनको साल निस्केको र बच्चा आँधी बाहिर आइसकेको थियो। स्त्री रोग विशषज्ञ तथा प्रतिष्ठानका अस्पताल निर्देशक डाक्टर राजिव शाह सहित चिकित्सको टोलीले रंगिलाको रक्तश्राव रोक्ने प्रयास गर्दा गर्दै बहोस् भइन्।

एकदिन भेन्टिलेटर र एक दिन आईसीयूमा राखेर उपचार गरे पश्चात् हाल रंगिलाले पुनर्जन्म पाएकी थिइन्। कर्णालीका कति पए बिरामिले बाटोमै ज्यान गुमाएका छन्। रंगिला जस्ता कयौं आमाहरुले ज्यान जोखिम राखेर बच्चा जन्माउनु परेको छ।

पछिल्लो समय कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाबासीको मात्रै नभइ कर्णालीको भरोसा बन्दै गएको छ। अहिले प्रतिष्ठान र विषशज्ञ डाक्टर जुम्लामै नभएको भए रंगिलाले अकालमै ज्यान गुमाउने निश्चित थियो।

### गठबन्धनबाट...

अडान लिएपछि प्रधानमन्त्री देउवा अप्ठ्यारोमा परेका थिए।

एमालेसँग मिलेर एमसीसी अनुमोदन पनि सहज विकल्प नरहेको अनुमान सहित माओवादी केन्द्र र एकीकृत समाजवादी समेत एमसीसीको व्याख्यात्मक घोषणा गर्ने विकल्पमा लागेको स्रोत बताउँछन्। "व्याख्यात्मक घोषणा भनेर एमसीसी अनुमोदन गराउने पक्षमा नेतृत्व देखिएको छ। तर यो समेत सजिलो विकल्प हुने छैन", एकीकृत समाजवादीका एक नेता भन्छन्।

एकीकृत समाजवादीका नेता-कार्यकर्ता एमसीसीको विरोधमा सडक प्रदर्शन गर्दै आएका छन्। माओवादी केन्द्र सहित साना दलहरु पनि एमसीसीकै विपक्षमा छन्। तर प्रधानमन्त्री देउवा र नेपाली काँग्रेस जसरी पनि एमसीसी अनुमोदनको पक्षमा छन्। एमालेका अध्यक्ष केपी शर्मा ओलीले बिगतदेखि नै एमसीसी अनुमोदनको पक्षमा उभिएका छन्।

### उक्साहटले ...

पनि युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्की सेनालाई रसियासमक्ष आत्मसमर्पण गर्न आदेश नदिने बताईरहेका छन्।

उनले भिडियोमार्फत् आफ्नो सेनालाई रसियासमक्ष आत्मसमर्पण गर्न आदेश दिएको भन्ने अफवाहबारे प्रष्ट बनाएका हुन्। सेनालाई हतियार छाड्न आदेश दिएको भनेर इन्टरनेटमा भ्रमपूर्ण जानकारी दिइएको भन्दै उनले भने- म यहीं छु। हामी हतियार छाड्ने छैनौं, हामी हाम्रो देशको रक्षा गर्नेछौं।

राष्ट्रपति भोलोदीमीर जेलेन्स्कीले जर्मनीको म्युनिखमा आयोजित सुरक्षा सम्मेलनमा दिएको एक बयानले रुसका राष्ट्रपति भ्लादिमिर पुटिन आक्रमणमा उत्रिने निर्णयमा पुगेका थिए। जेलेन्स्कीले सन् १९९४ मा हस्ताक्षर गरिएको बुडापेस्ट स्मरणपत्रलाई खारेज गरेर युक्रेनलाई आणविक हतियार सम्पन्न मुलुक बनाउनुपर्ने माग राखेका थिए।

रुसको भूसुरक्षालाई अवमूल्यन गर्दै युक्रेनले पश्चिमसँग अतिरिक्त हिमचिम बढाएपछि रुस थप आक्रोशित बनेर सैन्य कारवाही सुरु गरेको हो। रुसले युक्रेनको तटस्थता मागेकोमा उसले त्यसलाई बेवास्ता गरेपछि रुसी सेनाले युक्रेनका जंगी अड्डाहरूमा क्षेप्यास्त्र तथा अन्य किसिमका आक्रमण गरेका हुन्। युक्रेनको जंगी संरचनामा आक्रमण गरेर रुसले त्यसलाई निकम्मा बनाउँदै तटस्थता कायम गराउन युद्धमै जाने तयारी समेत गरेको प्रष्ट छ।

राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीको चुनौतीपूर्ण अडियोले रुस थप रुष्ट हुने विज्ञहरुले बताएका छन्। रुसले आफूसँग सिमाना जोडिएको मूलुक हुँदा अहिले आफ्नो प्रभाव क्षेत्रमा राख्न खोजेको छ, रुससँग टक्कर लिनुभन्दा शान्तिपूर्ण वार्ता मार्फत् विवाद समाधानमा जानु नै युक्रेनका लागि उर्पयुक्त हुन्छ, परराष्टविद् डा. दिनेश भट्टराईले बताए।

रुससँग बलले नभएर कुटनीतिक ढंगबाट विवाद समाधानको पहल गर्नुपर्नेमा भट्टराईको जोड छ। तर, युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीको अभिव्यक्तिका कारण रुस झनै चिडिएको विज्ञहरु बताउँछन्। यसका लागि अमेरिका, बेलायत लगायतका देशको उक्साहटमा लाग्नुको सट्टा शान्तिपूर्ण समाधान खोज्नु नै युक्रेनको लागि उर्पयुक्त विकल्प हो।

**चिन्ता र चासो**

रुस र युक्रेनबीच युद्ध चर्किन थालेपछि धेरैले यसलाई तेश्रो विश्वयुद्धको संकेतका रुपमा ब्याख्या गर्न थालेका छन्। तर, विश्लेषक भट्टराई भने विश्वयुद्ध नभएपनि सम्भावना भने बढेको बताउँछन्। अब, यसलाई विश्वयुद्धको सुरुवात नै त नभनौं, तर यसले सम्भावना भने बढेको छ, विश्लेषक भट्टराईले भने। उनले दुईदेशबीच चर्कदो विवादको असर नेपालमा पनि पर्नसक्ने संकेत गरेका छन्।

तर, अर्का विश्लेषक कनकमणि दीक्षित भने अमेरिकाले नेटोको सदस्यका नाताले त युक्रेनमा हस्तक्षेप नगरेको हुँदा एमसीसी लगायतका विषयलाई लिएर नेपाल डराउनु नपर्ने बताउँछन्। युक्रेनमा रुसी हमलामा त अमेरिकाले नेटोको दस्ता प्रयोग गर्दै हस्तक्षेप गरेन, नेपालमा एमसीसीको छाता ओडेर चीनमाथि आक्रमणको चासो देखाउँला र ? विश्लेषक दिक्षीत भन्छन्। उनले युक्रेनलाई जस्तै नेपाललाई पनि युद्धतर्फ धकेल्ने विषय असम्भव रहेको संकेत गरेका छन्।

## सशस्त्र प्रहरीद्वारा ६० थान अवैध मोबाइल बरामद

**सिरहा/मस-** सिरहाको सीमा नाका नवराजपुर गाउँपालिकाबाट सशस्त्र प्रहरीले अवैधरूपमा नेपालतर्फ ल्याउँदै गरेको ६० हजार रुपैयाँ बराबरको ६० थान मोबाइल बरामद गरेको छ।

७ नं. गणका सशस्त्र प्रहरी बोर्डर आउट पोष्ट (बिओपी) नवराजपुरको फोरवार्ड बेस झाझपट्टीले सीमानाका नवराजपुर गाउँपालिका -५ झाझप्ट्टी दशगाजा क्षेत्रबाट भन्सार छलेर ल्याइँदै गरेको ६० थान (१ कार्टुन) ६० हजार मूल्य बराबरको मोबाइल बरामद गरेको हो। नवराजपुर गाउँपालिका -५ झाझप्ट्टी दशगाजा क्षेत्रमा फोरवार्ड बेस झाझपट्टीका



सशस्त्र प्रहरी सहायक निरीक्षक रामचन्द्र चौधरीको कमान्डमा खटिएको टोलीले अवैधरुपमा नेपाल भित्र्याइँदै गरेको ६० थान मोबाइल बरामद गरेको हो। डियुटीमा रहेका प्रहरीलाई तस्करले देख्नासाथ एटीएल २१६३ मोडेल मोबाइलको कार्टुन फालेर भागेको सशस्त्र प्रहरीले जनाएको छ। बरामद गरिएको मोबाइल आवश्यक कारबाहीका लागि इनर्वा ठाडी भन्सार कार्यालयमा पठाइएको सशस्त्र प्रहरी सहायक निरीक्षक चौधरीले जानकारी दिए।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति २०७८/११/१५

यस कम्पनीको मिति २०७८/०९/२९ मा सम्पन्न एकल शेयरधनीको बैठकको निर्णय बमोजिम साविक कम्पनी **बुद्धशान्ति बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. (प्रा.लि. नं. २४२२८८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/११/१२ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **बुद्ध शान्ति एग्रो टुरिजम प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

### नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७८/११/१५**

**कमला त्रिवेणी बालुवा प्रसोधन उद्योग प्रा.लि.**को मिति २०७८/१०/१४ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्ताव द्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **कमला त्रिवेणी बालुवा प्रसोधन एण्ड क्रसर उद्योग प्रा.लि** कायम गर्ने गरी मिति २०७८/११/०५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


## UAE मा वैदेशिक रोजगारको अवसर

पूर्व स्वीकृत मितिः २०७८/१०/०१ चलानी नं.: ६०१७२७२४ LT. No.: 256210 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 25 | 0 | स. काममा दक्ष | 1800 | ५८,०६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

★ अंग्रेजी भाषा राम्रोसँग बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्नेछ।
★ उमेर २१ वर्ष पुरा भई ३८ वर्ष ननाघेको र उचाई ५ फिट ५ इन्च वा सो भन्दा माथि हुनुपर्नेछ।
★ *Civil Security Guard, Ex-Army, Ex-Police* हरुलाई विशेष प्राथमिकता दिइनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन २२ र २३ गते (6 & 7 March 2022) मा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

श्रम इजाजत पत्र नं.: ८९३/०६७/०६८

**अल- सहेली म्यानपावर प्रा. लि.**
पो.ब.नं.: २२४४, सामाखुसी-२६, टाउनप्लानिङ (श्रेष्ठ प्लाजा), काठमाडौं, नेपाल
फोन: ४३८७३७२, ४३८७७४०, फ्याक्स: ४३८७३२९, मो: ९८१८६१९७८०, E-mail : alsahelimanpower2010@gmail.com


# MIKLAJUNG RURAL MUNICIPALITY
## OFFICE OF RURAL MUNICIPAL EXECUTIVE
**Madhumalla, Morang**
**Province no. 1, Nepal**

## Invitation for Bid

**Date of Publication (Second Notice): 15th Falgun 2078 (27th February 2022)**

1. Miklajung Rural Municipality, Office of Rural Municipal Executive, Madhumalla Morang Invites Online Bids under E-procurement system from eligible bidders for the procurement of following works.

| S.N. | Contract Identification Number and description of works | Estimate amount without VAT and PS (NRs.) | Bid Security Amount NRs | Cost of bidding Documents (NRs.) | Last time and date of bid submission | Procurement Method |
|---|---|---|---|---|---|---|
| 1. | 14/MRMM/WORKS/SQ/078/79 (Construction of Drain in Ward No.7)) | 11,97,066.81 | 30,000 | 1000.00 | 12:00 noon 14th March 2022 | Sealed Quotation |
| 2. | 17/MRMM/WORKS/SQ/078/79 (Construction of Drain in Ward No.9) (Package 2) | 11,74,325.01 | 30,000 | 1000.00 | 12:00 noon 14th March 2022 | Sealed Quotation |

2. Eligible bidders may obtain further Information and Inspect the bidding document from the PPMO website www.bolpatra.gov.np/egp or may visit the office of Miklajung Rural Municipality, Office of Municipal Executive, Madhumalla, Morang, during the office time.
3. Bidders shall download the bidding document and submit their bids electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp , as specified in the Bidding data sheet for provision of E-bidding. Bidders should deposit the equivalent fee for bidding document in the below Revenue account. Bids submitted in hardcopy shall not be accepted.

| Name of bank | Name of office | Account Name | Office revenue account number |
|---|---|---|---|
| NMB Bank Madhumalla Branch | Miklajung Rural Municipality | GA-1-1 Aantarik Rajaswa Khata | 0610058213000013 |

4. Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp. Bidders are requested to follow the electronic bids submission procedure as specified in e-GP system operating guideline-2073 and user manuals issued by PPMO which are available in e-GP system. Bids shall be opened in the presence of bidder representatives who choose to attend on the date mentioned in above table at 14:00 hrs at the Office of Rural Municipal Executive, Miklajung Rural Municipality, Madhumalla Morang. Bids must be valid for a period of 45 days for Sealed Quotation counting form the day of Bid Opening and must be accompanied by the bid security which shall be valid for minimum 30 days beyond the Bid Validity period. The scanned copy of Bid security should be uploaded in the e-GP system during the bid submission.

**Information to deposit the bid security amount**

| Name of bank | Name of office | Account Name | Deposit A/C number |
|---|---|---|---|
| NMB Bank Madhumalla Branch | Miklajung Rural Municipality | GA-3 Sthaniya Taha Dharauti Khata | 0610058213000061 |

5. If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working date at the same time and venue.
6. Tender Procedure shall follow Public Procurement Act 2063 (1st Amendment) and Public Procurement Regulation 2064 (10th Amendment).
7. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason.

**Chief Administrative Officer**

# कतारमा तमूहरुको चेलीबेटी भोज तथा कलाकार सम्मान कार्यक्रम सम्पन्न

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १४ फागुन



तमु (गुरुङ) समाज कतार र तमू प्ये ल्हू संघ शाखा कतारको संयुक्त आयोजनामा 'चेलीबेटी भोज तथा कलाकार सम्मान कार्यक्रम' भव्यरूपमा सम्पन्न भएको छ । गुरुङ समुदायको ल्होसार पछिको दोस्रो ठुलो पर्वको रूपमा मनाइने माङीको अवसरमा उक्त कार्यक्रमको आयोजना गरिएको थियो । एनआरएनए आइसीसीका मानार्थ सदस्य बिल बहादुर गुरुङको प्रमुख आतिथ्यता तथा तमु प्ये ल्हु संघ कतारका अध्यक्ष चन्द्र लेङ्गे तमुको सभापतित्वमा सम्पन्न भएको कार्यक्रममा चेलीबेटीहरूले सभापति, प्रमुख अतिथि, कार्यक्रम संयोजक, संस्थापक, सल्लाहकारलगायत विभिन्न व्यक्तित्वहरूलाई फेटाद्वारा सम्मान गरेका थिए ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि गुरुङले बाल्यकालको स्मरण गर्दै पधेरामा नुहाउँदा आच्छु आच्छु भन्न हुँदैन नत्र बर्षै भरि चिसो हुने किंवदन्ती रहेको स्मरण गरे । उनले माङीको दिन मास र तरुलको टिका लगाइदिएर चेलीहरूलाई दक्षिणा दिने प्रचलन रहेको र यस्ले चेली माइतीको सम्बन्धलाई थप मजबुत बनाउने गरेको बताए । चेली भोज कार्यक्रममा थुप्रै चेलीबेटीहरूलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो भने विभिन्न समयमा तमू समुदायले कतारमा आयोजना गरेका विभिन्न कार्यक्रममा आफ्नो कलाले मनोरञ्जन प्रदान गरेका सबै कलाकारहरू, प्रायोजक, सहयोगी तथा पत्रकारलाई फेटा तथा ढाका टोपीसहित सम्मान पत्रद्वारा सम्मान गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि, सभापतिलाईसमेत संस्थागत दोसल्ला ओढाएर सम्मान गरिएको थियो । चेलीहरूले माइतीलाई कोसेली उपहार प्रदान गरेका थिए भने माइती पक्षले पनि कोसेलीद्वारा बिदाइ गरेका थिए । विगत ८ वर्षदेखि वार्षिकरूपमा यस किसिमको कार्यक्रमको आयोजना गर्ने गरिएको बताउँदै कार्यक्रम संयोजक खुसीमान गुरुङले यस्ले कतारमा रहेका महिलाहरूबीच आत्मियता सम्बन्ध प्रगाढ बनिरहेको बताए ।

यस पर्वलाई थारु समुदायले माघी, मगर समुदायले माघे सङ्क्रान्ति, हिन्दू धर्मावलम्बीहरूले मकर सङ्क्रान्ति, किराँती समुदायले नयाँ वर्ष यले तङ्बे र गुरुङ समुदायले माङी (सात आमाहरूको पूजा र सी माना दिने) पर्वकोरूपमा धूमधामका साथ मनाउने गर्दछन् । कार्यक्रमको समापन गर्दै सभापति तमूले तमू समुदायका हरेक कार्यक्रमलाई सफल बनाउन सहयोग गर्ने सबैलाई संस्थागत कृतज्ञता ज्ञापन गरेका थिए । उनले प्रवासमा पनि चेलीबेटीहरूलाई यसरी सम्मान गर्न पाउँदा अत्यन्त हर्षित रहेको बताए ।

तमू प्ये ल्हू संघ कतारका उपाध्यक्ष केशु तमूले स्वागत मन्तव्य राखेको कार्यक्रमलाई तमू समाजका सचिव ज्ञानु गुरुङले सहजीकरण गरेका थिए । कार्यक्रममा कतारमा स्थापित थुप्रै संघ संस्थाका महिला प्रतिनिधि, समाज र संघका कार्यसमितिका पदाधिकारीहरू तथा महिलाहरूको बाक्लो उपस्थिति रहेको थियो । रञ्जना गुरुङ, पुष्पा गुरुङ, शिला गुरुङ, विष्णु गुरुङ, पार्वती तामाङ(पारु), सरिता श्रेष्ठ (सफु), टिकाराज गुरुङ, शरन पुन मगर, सुजन गुरुङ, काजी गुरुङ, र लिल गुरुङले नृत्य र गोबिन गुरुङ, प्रकाश गुरुङ, रबिन गुरुङ, अमर गुरुङ र अशोक गुरुङले आफ्नो गायनबाट उपस्थितलाई मनोरञ्जन प्रदान गरेका थिए ।

## गोपाल सेवा समितिको जिल्ला सम्मेलन सम्पन्न

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, १४ फागुन

गोपाल वंश यादवहरुको संगठन गोपाल सेवा समितिको सर्लाही जिल्ला सम्मेलन सम्पन्न भएको छ । समितिको बरहथवा - १३ विनमाटोल सर्लाहीको आयोजनामा शनिबार सम्मेलन सम्पन्न भएको हो ।

उक्त कार्यक्रमको प्रमुख अतिथि समितिको केन्द्रीय अध्यक्ष कैलाश कुमार यादव, विशिष्ठ अतिथि अशोक कुमार यादव, इलाका प्रहरी कार्यालय बरहथवा सर्लाहीका प्रहरी नायब उपरीक्षक उमाशंकर प्रसाद यादव, समितिका संस्थापक जिल्ला अध्यक्ष कृष्णदेव यादव, अतिथिहरू रामबहादुर राय यादव, राजेन्द्र राय यादव, रामचन्द्र राय यादव, रघुबंश राय यादवलगायतका उपस्थिति थियो ।

उक्त कार्यक्रममा ७० वर्षभन्दा माथि उमेरका २३ जना वृद्ध, वृद्धाहरुलाई विशिष्ठ अतिथि अशोक कुमार यादवले दोसल्ला ओढाएर सम्मान गरेका थिए । भेलाले बरहथवा नगरपालिकामा गोपाल सेवा समाजको धर्मशाला बनाउने निर्णय गरेको छ ।

## आलिताल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**भिमदत्तपुर, डडेल्धुरा**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### प्राबिधिक प्रस्ताव स्वीकृत तथा आर्थिक प्रस्ताव खोलिने आशयको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८/११/१५**

यस कार्यालयको मिति २०७८/०६/२५ को अन्नपुर्ण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना बमोजिम आलिताल गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य (Contract ID: Construction of Administrative Building of Aalital Rural Municipality, IFB No: ATLRM/DDL/NCB/WORKS/01/2078/079) कार्यको लागि बिधुतीय खरिद प्रणाली मार्फत दाखिला हुन आएका र प्राविधिक मुल्यांकनमा उत्तिर्ण हुन आएका बोलपत्रदाताको आर्थिक प्रस्ताव मिति २०७८/११/२३ गतेका दिन दिउसो १२ बजे खोलिने ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र नं. | कामको विवरण | प्राविधिक मुल्यांकनमा सफल बोलपत्रदाता |
|---|---|---|
| ATLRM/DDL/NCB/WORKS/01/2078/079 | Construction of Administrative Building of Aalital Rural Municipality | Bibash International construction and supplier pvt.ldt. |
| | | Rajendra-Siddhanath-Sitaram Joint Venture |
| | | Uchchakoti Nirman Sewa Pvt. Ltd. |
| | | Royal Construction |
| | | YR-Pant J/V |
| | | New Draigon/Jana Aadarsha JV |

**प्रमुख प्रशासकीय अधिकृत**

## कतारमा मध्यान्हकर्मी पौडेल सम्मानित

**दोहा, कतार/मस-** वैदेशिक रोजगारीको सिलसिलामा खाडी मुलुक कतारमा रहेका म्याग्दीका तिलु शर्मा पौडेल सम्मानित भएका छन् । विगत २ वर्षदेखि मध्यान्ह राष्ट्रिय दैनिकमा कतार संवाददाताका रूपमा कार्यरत पौडेल तमू (गुरुङ) समाज कतार र तमू प्ये ल्हू संघ शाखा कतारको संयुक्त आयोजनामा सम्पन्न 'चेलीबेटी भोज तथा कलाकार सम्मान' कार्यक्रममा सम्मानित भएका हुन् । कार्यक्रम एनआरएनए आइसिसीका मानार्थ सदस्य बिल बहादुर गुरुङको प्रमुख आतिथ्यता तथा तमू प्ये ल्हू संघ कतारका अध्यक्ष चन्द्र लेङ्गे तमूको सभापतित्वमा सम्पन्न भएको थियो ।



तमु समुदायको मुख्य तथा राष्ट्रिय महान् पर्व 'तमु ल्होसार तथा स्यों कै कार्यक्रम-२०२१' लाई सफल बनाउन सञ्चारको क्षेत्रबाट कार्यक्रम प्रति पुराएको अतुलनीय योगदानको कदर गर्दै फेटा र सम्मानपत्रसहित पौडेललाई सम्मानित गरिएको हो । सम्मानपछि बोल्दै पौडेलले आफू जनजातिका विभिन्न कार्यक्रमहरूमा सरिक हुने र नेपालका धेरै कला संस्कार संस्कृतिको खानि जनजातिसँग रहेको बताएका थिए । उनले आफूले आफ्नो कर्तव्य निभाएको सानो कार्यलाई सम्मान योग्य सम्झेर यति ठुलो सम्मान प्रदान गरेकोमा संस्थाद्वय र सबै गुरुङ समुदाय प्रति कृतज्ञता प्रकट गर्दै सम्मानले थप जिम्मेवारी थपिएको महसुस गरेको बताए ।

पौडेल कतारमा सामुदायिक पत्रकारिता र मजदुरका समस्यामा सत्य तथ्यरूपमा अग्रपंक्तिमा रहेर कलम चलाउने पत्रकारको रूपमा चिनिन्छन् । उनी एनआरएनए कतारको २०१९-२१ कार्यकालको पत्रकारिता पुरुष्कार विजेता पनि हुन् ।

उनले हालसम्म एनआरएनए एनसीसी कतार, जनसम्पर्क समिति कतार, अर्घाखाँची सेवा समाज कतार, मोना कतार, नेपाली श्रमिक कल्याणकारी संघ कतार, नेपाली महिला समाज कतार लगायतका संस्थाबाट सम्मान प्राप्त गरेका गरिसकेका छन् । पौडेल नेपाल पत्रकार महासंघ कतारको कार्यसमिति सदस्य लगायत विभिन्न सामाजिक तथा सांस्कृतिक संघ संस्थामा आबद्ध समेत रहेका छन् ।

## चोरी भएको मोटरसाइकल सम्बन्धित धनीलाई जिम्मा

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, १४ फागुन



सिरहामा प्रहरीले चोरी भएका मोटरसाइकल फेला पारी सम्बन्धित धनीलाई जिम्मा लगाएको छ । जिल्लाको नवराजपुर गाउँपालिका -३, मझौराबाट चोरी भएका मोटरसाईकल फेला पारी शनिबार प्रहरीले सम्बन्धित धनीलाई जिम्मा लगाएको हो ।

नवराजपुर गाउँपालिका -३, मझौराका फुलगेन मोचीले आफ्नो घरमा राखेको स. ३ प ३५३४ नम्बरको होन्डाको साइन -१२५ सिसीको मोटरसाइकल चोरी भएको प्रहरीलाई खबर गरेपछि सीमा प्रहरी चौकी झाझपट्टीका प्रहरी नायव निरीक्षक राजिब यादव नेतृत्वको प्रहरी टोलीले खोजबिन गर्दा नवराजपुर गाउँपालिका-३, मझौरा टोल नजिकैको खाल्डोमा वेवारिसे अबस्थामा फालिएको अवस्थामा फेला पारी सम्बन्धित धनीलाई बुझाएको सीमा प्रहरी चौकी झाझपट्टी नवराजपुरले जनाएको छ । गत सोमबार चोरी भएको मोटरसाइकल सवारी धनी फुलगेन मोचीलाई बुझाई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

### भूल सुधार !

मध्यान्ह दैनिकको हिजो मिति २०७८ फागुन १४ गते शनिबार पृष्ठ ३ मा प्रकाशित 'मानव सेवा नै साउदी अरवको पहिचान : शैख अल अन्जी' शीर्षकको समाचारमा असान्दर्भिक तस्बीर पर्न गएकोले भूलसुधार गरिएको छ । यसबाट संबन्धित सबैमा पर्न गएको असुबिधा प्रति क्षमा प्रार्थी छौं ।

- प्रकाशक

**Government of Nepal**
**Ministry of Physical Infrastructure & Transport**
**Department of Roads**

## Federal Road Supervision & Monitoring Office, Surkhet
## Mahakali Corridor Road Project
**(Brahmadev Jhulaghat Darchula Tinkar)**

### Invitation for Bids (IFB)

**Date of first publication: 2078-11-15 (27th of Feb, 2022)**

1. Mahakali Corridor Road Project, Darchula, invites sealed bids from eligible domestic bidders for the construction works enlisted below:

| S. N. | IFB. No | Contract No. | Name and Location of the Construction Work | Estimated Amount Excl. of VAT and Contingencies (NRs) | Bid Security Amount (NRs) | Validity of Bid Security (Days) | Bid Validity Period (Days) | Non Refundable Bid Document Fee (NRs) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | IFB-078/79-05 | MCRP/33701103/078/79-07 | Upgrading of Road to Blacktop Standard with Roadway Excavation, Structural and Drainage Works in Saleti-Uku-Joljibi-Bet Section of Mahakali Corridor [CH:257+000 to CH: 269+318] | - | 1,70,00,000 | 150 | 120 | 20000 |
| 2 | IFB-078/79-06 | MCRP/33701103/078/79-08 | Upgrading of Road to Blacktop Standard with Roadway Excavation, Structural and Drainage Works in Khalanga-Ratakatha-Challegada (Hikila) Section of Mahakali Corridor [CH:291+000 to CH:292+340, CH: 293+320 to CH: 298+000, CH:302+000 to CH:304+521] | - | 1,50,00,000 | 150 | 120 | 20000 |
| 3 | IFB-078/79-07 | MCRP/33701103/078/79-09 | Upgrading of Road to Blacktop Standard with Roadway Excavation,Structural and Drainage Works in Challegada(Hikila) - Pipalchauri - Sunsera Section of Mahakali Corridor [CH:304+521 to CH:306+981, CH:309+521 to CH:313+981, CH:320+721 to CH:323+801] | - | 1,40,00,000 | 150 | 120 | 20000 |

Bidders shall have the option of submitting their bids electronically only from PPMO's Web Site www.bolpatra.gov.np/egp and may obtain further information at Mahakali Corridor Road Project's Office, Darchula, mail address **dtrpoffice@gmail.com**

| Last Date and Time for Bid Purchase | Last Date and Time for Bid Submission | Date and Time for Bid Opening |
|---|---|---|
| Date: B.S. 2078/12/17 (A.D. 2022/03/31)<br>Time: Within 12:00 HOURS | Date: B.S. 2078/12/17 (A.D. 2022/03/31)<br>Time: Within 12:00 HOURS | Date: B.S. 2078/12/17 (A.D. 2022/03/31)<br>Time: At 13:00 hours |

| Cash Deposit for Purchase of Bid Document | | Cash Deposit for Bid Security (*optional if bidder submits Bank Guarantee from A Class Bank*) | |
|---|---|---|---|
| **Bank:** | Rastriya Banijya Bank, Darchula | **Bank:** | Rastriya Banijya Bank, Darchula |
| **Account Name:** | Darchula Tinkar Road | **Account Name:** | District Treasury Controller Office, Darchula |
| **Account Number:** | 1000200010000 | **Account No.** | 4090100102030000 |
| **Office code:** | 337017301 | **Office Code** | 337017301 |
| **Revenue Head:** | 14229 | | |

**Project Chief**

## सम्पादकीय

# हिंसा अस्वीकार्य

रूसी सैनिकको आक्रमणबाट १९८ युक्रेनी नागरिकको मृत्यु भएको र १,११५ जना घाइते भएको जनाइएको छ । युक्रेनले दिएको जानकारी अनुसार, सैनिक आक्रमणबाट ३३ बालबालिका घाइते भएका छन् । तर ३,५०० रूसी सैनिकको मृत्यु भएको समेत युक्रेनको दावी छ । १४ विमान र १०२ ट्याङ्क पनि रूसले गुमाएको युक्रेनले जनाएको छ । रूसले पनि युक्रेनको राजधानी किएभसम्म आफ्नो सैनिक पुगिसकेको दावी गरेको छ । युक्रेन आक्रमण गर्न रूसले आकाश, जल र स्थल सैनिक परिचालन गरेको छ । चारैतिरबाट युक्रेन घेरेको पनि रूसको दावी छ । रूस-युक्रेन युद्धले विश्वका शक्ति राष्ट्रहरू विभाजित बन्दै गएका छन् । पश्चिमा देशहरूले युक्रेनलाई साथ दिएको छ ।

फ्रान्स र युकेले युद्ध सामग्रीसहित जनशक्ति उपलब्ध गराउने भएको छ । यूरोपियन यूनियन (ईयू) ले रूसलाई घेराबन्दी गरिसकेको छ । रूससँग आर्थिक सम्बन्ध तोड्ने निर्णय गरिसकेको छ । रूसबाट व्यापार रोक्नेदेखि वित्तिय प्रतिबन्ध लगाउने निर्णय गरिसकेको छ । रूसले पनि आफ्ना निकट शक्ति मुलुकहरूसँग सहयोग मागिसकेको छ । चीन, पाकिस्तान, बेलारूस, इरान, उत्तर कोरिया लगायतसँग साथ खोजेका छन् । शक्ति राष्ट्रहरूले दुई ध्रुबमा विभाजित भइसकेका छन् । अमेरिकाले यूक्रेनको राष्ट्रपतिलाई देश छोड्ने प्रस्ताव नै राखेको समाचार सार्वजनिक भएको छ । सँगै, युक्रेनी राष्ट्रपतिले पनि 'हतियार चाहिएको छ, सवारी होइन' भन्ने अभिव्यक्ति दिएका छन् । यसले युद्ध रोकिने नभएर फैलिएर जाने दिशामा देखिन्छ ।

तर सँगै युद्ध रोक्न संसारभर प्रदर्शन देखिन थालेको छ । हिंसात्मक युद्धले कोही नजित्ने भएकाले वार्ताको माध्यम अपनाउन आग्रह गरिरहेको छ । युक्रेनमाथि आक्रमण गरिरहेको रूसमै पनि युद्ध रोक्न आग्रह गर्दै प्रदर्शन शुरू भएको छ । शान्तिको कामना गर्ने पंक्ति बढ्दै गएको छ । परिस्थिति भने ठीक उल्टो देखिन्छ । तीन करोड ४० लाख जनसंख्या भएको युक्रेनमा देश छोड्नेको संख्या बढिरहेको छ । आप्रवासीहरूको समस्या उस्तै छ । अन्य देशले युक्रेनबाट आफ्ना नागरिक फिर्ता लैजान सकेका छैनन् । उडानहरू बन्द रहेकाले गम्भीर मानवीय संकट सिर्जना भएको छ । यस्तो बेला हरेक मुलुकले हिंसा बढाउने होइन, रोक्ने पक्षमा उभिने जरूरी छ । शक्ति राष्ट्रहरूलाई शान्तिको पक्षमा उभिन प्रेरित गर्न जरूरी छ ।

# चुनाव र आश्वासनको खेती

**स्थानीय तहले नागरिकहरूलाई सेवा, सुविधा र अवसर थप्न सकेनन्, कोरोनाकालभरि ती बन्द जस्तै रहे । नगरक्षेत्रमा सडक, यातायात, इन्धन, पानी, विद्युत, ढल निकास, पार्क, मनोरजनस्थल, खुल्ला क्षेत्र तय हुनै सकेन । सबै विषयहरूको आपूर्ति कठिन भयो ।**

**अग्रलेख**



● अच्युतप्रसाद पौडेल 'चिन्तन'



पञ्चायतको पालामा स्थानीय प्रतिनिधिहरूले तलब लिँदैनथे । यही देशमा जम्मा ९० जना सांसद थिए र ती शाखा अधिकृतको दर्जा समान मात्रै थियो । भूगोल बढेन, जनसंख्या पनि घट्दो क्रममा देखियो, लाखौँ बाहिर गए, अब हालको संयन्त्र केका लागि ? कि राजनैतिक बिना लगानीको उद्योग प्रतिफल धेरै पाइने भएर मात्रै हो, जनप्रतिनिधिको संख्या यसरी किन बढाइयो ?

देशमा संघीय संरचनासँगै सिँहदरबार गाउँतिर पसेको छ । सहर गाउँतिर पसेपछि राम्रो लाउनै, मिठो खानै पऱ्यो । हिजो अस्तिसम्म नाक मुख नदेखाई सहर बस्ने उतै राजनीतिको जोडघटाउ गर्ने नेताजीहरु पनि अब गाउँ पस्छन्, मिठा मिठा सपना बाँड्छन् । सकिनसकी वैशाख ३० गते जनता चुनाव स्थलमा जान्छन्, नोभोटको सिष्टम भइदिएको भए त तिनलाई पनि दाउ हान्न जान्याथ्यो तर, के गर्ने विकल्प छैन । मुटुमाथि ढुँगा राखी रुनु पऱ्या छ, देशको अर्थचित्र हेर्दा । मिठो खानु र राम्रो लाउनु परेकाले आयातीत वस्तुको मात्रा बढ्दा हालैको ६ महिनामा ८ खर्ब ८० अर्ब ४९ करोडको व्यापार घाटा भएछ देशलाई । अघिल्लो आ.व.को पहिलो ६ महिनामा ५:८ प्रतिशतले घटेको यो घाटा अहिले त ४६:६ प्रतिशतले बढेछ । अघिल्लो पटक ९:२ रहेको अयात निर्यात अनुपात अहिले ११:९ पुगेछ । त्यसो त निर्यात भन्ने जन्तु पनि ९५:५प्रतिशतले मोटाएर १ खर्ब १८ अर्ब ८५ करोडमा पुगेछ भनौँ अघिल्लो आवभन्दा ६:०१ प्रतिशतले बढेछ । भारत तिर १२१:०८ प्रतिशतले, अन्य देशतिर ३०:०२ प्रतिशतले बढेको निर्यात छिमेकी चीनतिर भने १०:०२ प्रतिशतले घटेछ, यो कोरोनाले पनि अचाक्ली गऱ्यो यता सामान पठाउनै सकिएन, लिएन, उसले । दक्षिण मित्रलाई चिढाउनु भएन र त हामीले अघिल्लो आवको प्रथम ६ महिनामा विदेशी मुद्रा ८३ अर्ब १ करोड भूक्तानी गर्दा अहिले १ खर्ब १० अर्ब १९ करोड गर्दै वस्तु आयात गरेछौँ । पाम आयल, सोयाबिन, पिना, जुस, ऊनी गलैंचा निर्यात वृद्धि गरिए पनि अलैंची, चिया, जडिबुटी, जस्तापाता, तारका सामान आदि भने हामीले निर्यात बढाउन सकेनछौँ । कूल वस्तु आयातमा ५१:०१ प्रतिशत बढाएर ९ खर्ब ९९ अर्ब ३४ करोडका सामान आयात गर्दा अघिल्लो आवमा ५१ अर्ब ६८ करोड चालु खाता घाटा रहेकोमा अहिले ३ खर्ब ५४ अर्ब ७ करोड पुऱ्याउन सफल भएछौँ । त्यसो त अघिल्लो आवको ६ महिनामा ७ अर्ब ६६ करोड प्रत्यक्ष वैदेशिक लगानी भित्र्याइएकोमा अहिले ६ महिनामा ४८:०१ प्रतिशतले बढाएर ११ अर्ब ३४करोड पुऱ्याउन सकिएछ र एमसीसीलाई हाम्रो ढोका खुल्ला गरेकै छौँ, नेतालाई केही हुने होइन, दशा लागे जनतालाई लाग्ने त हो । चुनाव हुने रे, ५ अर्ब पैसा म्यादी प्रहरीलाई, स्थायी सुरक्षाका यत्रा निकाय त हेरी बस्ने हुन्, मौकामा चौका दाउ नहानी भएन, दलहरुले गर्ने खर्च त उद्यमी व्यापारीकै त होला, किनकी उनीहरुले दलको ओढ्ने ओढेकै छन्, निर्वाचन आयोगले १२ अर्ब, सुरक्षाले १४ अर्ब,अर्थ मन्त्रालय भन्छ चुनावलाई ५० अर्ब मागिएको छ, आखिर अर्थको ढुकुटी त जनतै होलान् ।

आधुनिक सभ्यताको मानक नै सुविधायुक्त शहर हो, राम्रो आवास हो । सरकारले सहरीकरण भइरहेका राजधानी काठमाडौंलगायत विराटनगर, इटहरी, वीरगञ्ज, जीतपुर, पोखरा, बुटवल, कोहलपुर, अत्तरिया क्षेत्रलाई मेगासिटीको रुपमा विकास गर्ने लक्ष्य राखेको दुई तिहाईले हो । शहरहरुलाई स्मार्ट सिटीको रुपमा तयार गर्ने, पूर्वाधार राम्रो तय गर्ने, ऐतिहासिक एवं सांस्कृतिक महत्वका शहरहरुलाई पुनरुत्थान गर्ने, विगतमै देशैभरि १८५ नगरपालिकाहरुलाई व्यवस्थित शहरका रुपमा विकास गर्ने, रुकुम पूर्व र नवलपरासी पूर्व जिल्ला सदरमुकामको भौतिक विकास योजना तयार गरी नमुना सदरमुकामको रुपमा विकास गर्नेलगायतका लक्ष्य राखिएको छ । बालुवाटारले बाँडेको सपना, घुम्टो हालेको रेल कुदाउँन नपाई, मेट्रो, मोनो रेल, घरघरै ग्याँस चुलो, धारा, बत्ती निःशुल्क गर्न नपाई कोरोनाभरि सडकमा भिड जम्मा गराएर बालुवाटार बालकोटतिर सऱ्यो, ३० गतेको साइत हेराएर निम्तो मान्न एकपल्ट बालुवाटार पुगेको उही बालकोटले अब के-के ताना बाना बुन्नेहो, कतिलाई कुमै हल्लाउन नदिने हो हेर्न बाँकी छ । देशको सम्पूर्ण ढुकुटी पेवाका रुपमा बालकोट, बूढानीलकण्ठ, खुमल्टारले लिएको हो, अलि अलि छरछार दान भेटी अरुले पनि पाएका हुन्, मतदाता त ठहरै परेका धेरै नै भइसक्या छ र त तिनीहरु गाउँ छोडी खाडीतिर लाग्या छन् ।

हो, अतिथि गृह, मन्त्री निवास, प्रदेश प्रमुख र मुख्यमन्त्रीको सम्पर्क कार्यालय र निवास निर्माण गरिने काम पूरा भएको होला, काठमाडौँ उपत्यकामा अघिल्लो वर्ष नै ३ हजार व्यक्ति क्षमताको सम्मेलन केन्द्र निर्माण पूरा गर्ने, काठमाडौं उपत्यकालाई धुलो मुक्त गराउन पैदलमार्गलाई व्यवस्थित गरिने, निर्माण सामग्रीको ढुवानी गर्दा सुरक्षित विधि अपनाइने, विद्युतीय सवारी साधनलाई प्रोत्साहन गरिने, सडक निर्माण गर्दा अनिवार्य पैदल पेटी निर्माण गराउने, सरकारी जग्गा संरक्षण गरी पार्क र खुल्लाक्षेत्रको व्यवस्था गर्ने, ठूला शहरहरुमा विजुली, टेलिफोन, केवलहरुको तारलाई भूमिगत गराइने स्वच्छ र हराभरा शहर बनाउने कार्य त सरकारी भयो, जहिले गरे पनि भइहाल्यो । भूकम्पलगायत प्राकृतिक प्रकोप प्रतिरोधी भवन निर्माण गर्न भवन संहिता र भवन निर्माण मापदण्डको प्रभावकारी कार्यान्वयन र नियमन गरिने प्रतिबद्धता पनि सारो हतारको विषय परेन । विदेशतिर पानी परेको ५ मिनेटमा पानी हराउने यहाँ बाटो हराउने ठीक उल्टो छ । भैँसेपाटीको आबास भने तयारी छ, बाँकी समस्या ट्राफिक जाम, धुलो र घुवाँ अनि हिलो र मैलोले आम नेपालीहरु आक्रान्त भएर के भयो ? व्यवस्था बदलिएको ३२ वर्ष भएछ, मेलम्चीको उमेर पनि त्यतिकै, मतदाता काकाकुल भएर के भो त, जनतालाई राहत किन, आखिर जनगणनामा १२ लाख घटेका छन्, तर मतदाता घट्नु हुन्न है, यिनको आवास व्यवस्था पछि गरौँला, मिलिजुली आफ्नालाई जग्गा बाँडेकै छौँ, थप चाहिएको हो भने त हाम्रो झण्डा बोक्नु पऱ्यो नि, पेपरमा फलाकेर पाइन्छ जग्गा त्यो पनि सरकारी ? बस्ती सखाप हुँदा जनताले सुरक्षित आबास पाएनन् रे, कठ्यांग्रिदो जाडोको मौसम, हावाहुरीको डरबाट सुरक्षित हुन सकेनन् रे । बुढाबुढी, सुत्केरी, अशक्त, विरामीहरुको हालत हेर्न सकिन्छ त, आफ्नै दलकोत हुनु पऱ्यो नि पहिले । देशमा ५५ लाख जति मात्र आवासीय संरचना भएर के भो ६५ लाख जति परिवार बसेकै छन्, कोही त अरुको घरमा भाडामा पनि छन् । सबैलाई विद्युत र पानी आपूर्ति, शौलाचयको असुविधा, सरसफाइ राम्रो भएन, महँगो शुल्क तिर्दा पनि समयमा फोहोर उठ्दैन भनेर चुनाव अगाडि कराएर हुन्छ त, आचार संहिताको पनि ख्याल गर्नु परेन र ।

नेताजीहरुलाई ज्यादा रोजगार बनाउनु परेकाले मुलुकमा केही वर्ष यतादेखि शहरीकरणको विकास तीब्र छ । बस्ती, बाटा बढ्ने क्रममा प्रकृति दोहन हुँदा बाढी, पहिरोको जोखिम बढेको छ, डोजरे असारे विकासले विनाश निम्त्याएको छ, भूधरातलको वैज्ञानिक अध्ययन बिना नै सहरीकरण भएको छ । धेरै जनसंख्या नगरपालिका क्षेत्रमा बसोबास गर्ने भनियो तर त्यहाँ हुनु पर्ने न्यूनतम पूर्वाधार भएनन् । जग्गाको मूल्यांकन बढाएर केवल राजस्व संकलनको उद्देश्य पूरा गरेर गाउँको विकास हुने होइन । स्थानीय तहले नागरिकहरुलाई सेवा, सुविधा र अवसर भने थप्न सकेनन्, कोरोनाकालभरि ती बन्द नै रहे । नगरक्षेत्रमा सडक, यातायात, इन्धन, पानी, विद्युत, ढल निकास, पार्क, मनोरजनस्थल, खुल्ला क्षेत्र तय हुनै सकेन, सबै विषयहरुको आपूर्ति कठिन भयो । तर, कसले हेर्ने नेताजीहरुलाई खुद्रा विषय हेर्ने फुर्सदै हुन्न । भेट्न जाँदा यो पत्रकार जस्तो छ, खुइल्याउला भन्ठान्छन्, तर लाज पसिसकेको हुनाले डर भर छैन ।

भारतमा जनसंख्या १ अर्ब २० करोड छ, सभासद संख्या ५४५, अमेरिकामा ३२ करोड जनतामा ४३५, इन्डोनेसियामा २५ करोडमा ५५०,ब्राजिलमा २० करोडमा ५१३, पाकिस्तानमा १९ करोडमा २७२, नाइजेरियामा १७ करोडमा ३३०, जापानमा १४ करोडमा ४८०, रुसमा १३ करोड जनतामा ४४०, मेक्सिकोमा १३ करोडमा ५०० जना र पिछडिएको अर्काले दिएर खानु पर्ने देश नेपालमा २ करोड ७० लाख जनसंख्या हुँदा ६०१ जना सभासद रहे । अहिले एउटै घरमा ५ मन्त्रालय, एउटै प्रदेशमा मन्त्रालयको संख्या र राजनैतिक प्राणीहरुको संख्या कति छन् भन्न असहज छ । यी साँच्चै देशका रक्षक हुन् कि भक्षक थाहा छैन, पञ्चायतको पालामा स्थानीय प्रतिनिधिहरुले तलब लिँदैनथे, यही देशमा जम्मा ९० जना सांसद थिए र ती शाखा अधिकृतको दर्जा समान मात्रै थियो । भूगोल बढेन, जनसंख्या पनि घट्दो क्रममा देखियो लाखौँ बाहिर गए, अब हालको संयन्त्र केका लागि ? कि राजनैतिक बिना लगानीको उद्योग प्रतिफल धेरै पाइने भएर मात्रै हो, जनप्रतिनिधिको संख्या यसरी किन बढाइयो ? रोजगारी जनतालाई दिन किन सकिएन, भएका उद्योगधन्दा बन्द किन गरियो ? विदेशी ऋण नेपालीका टाउकामा बिना रहर किन बोकाइयो, करको मारमा जनतालाई किन पिल्स्याइयो ? राजनैतिक व्यक्तिहरुको खर्च सुबिधा कति छ ? सुरक्षकर्मीको ताती ? देशले धान्न सकेको छ, त्यही अनुपातमा आर्थिक विकास किन भएन ? नाना, छाना, खानामा किन विदेशी बस्तु, कोरोना आउँदा देशै ठप्प किन ? अव्यवस्थित सहरीकरण, धूलो र धूवाँ, वायुमण्डल विषाक्त छ, ३९ लाख सवारी साधन दर्ता छन्, करिव २५ लाख त नियमित चल्छन्, सधैँ बाटो भने उस्तै हुन्छ किन ? दैलो अगाडिको फोहोर उठ्दैन, सार्वजनिक जग्गा अतिक्रमणमा परिसकेको छ, उद्यान, मठ, मन्दिर, संग्रहालयहरु रोइरहेका छन्, ठूला सहरहरु मृत्युको घर बन्दैछ, भूकम्पमा हजारौँको ज्यान गयो, कोरोनाकालमा एकले अर्कोसँग पानी बार्नु पर्ने भयो र पनि मान्छेमा चेतना आएन, चेतनशील बनाउने कसले ? के अभिभावकको नाताले राज्यले गर्नु पर्ने होइन र ?

## सामाजिक सञ्जाल



**- नरेन्द्र पिटर**

शीतयुद्धकाल र कम्युनिष्ट फोवियाबाट पश्चिमा मिडिया र त्यसैलाई सत्य सोच्ने समाज आग्रहबाट मुक्त छैन । तर, छिमेकी महाशक्ति भारत र चीन नियालौँ । युक्रेनको विषयमा युएन मतदानमा छिमेकीहरू अमेरिकी नीति समर्थक नभै तटस्थ रहे । यसले हामीलाई एमसीसीमा कुटनीतिक सन्देश के दिन्छ र हुन्छ ?



**- युवराज संग्रौला**

कुनै पनि देश जब महाशक्तिको औँला समातेर हिँड्ने प्रयास गर्छ, छिमेकी बदल्न सकिन्न भन्ने मान्यतामा आँखा चिम्लन्छ, परिणाम युक्रेन हुन्छ । उत्रेनले रसियासँग सम्बन्ध राम्रो राखेर नाटोको सदस्यता नखोजेको भए, रसिया युक्रेनको बजार हुने थियो ।



**- रमेशनाथ पाण्डे**

रूसी सेनाको आक्रमणले युक्रेन अस्तित्वको लडाइँमा छ । रूसी आक्रमण शुरू भएपछि युक्रेनलाई उक्साउने अमेरिका तमासे बनेका छन् । वैदेशिक सम्बन्धलाई आन्तरिक राजनीतिको भऱ्याङ बनाउने प्रवृत्ती र भूगोलको संवेदनशीलताको उपेक्षा आत्मघाती हुन्छ भन्ने साना मुलुकले हेक्का राख्नुपर्छ !



**- रञ्जित तामाङ**

माधव नेपाल र युक्रेनको हालत उस्तै लाग्छ । नेटोको सदस्य बन्न सबैले युक्रेनलाई उक्साए, युक्रेनले रहर पनि गऱ्यो । तर, रूसले हमला गर्दा नेटो मौन बस्यो । पुरै पश्चिमा विश्व सुते बराबर छ । यता माधव नेपाललाई पार्टी फुटाउन गलखन्ती लाउनेहरू आखिरीमा एमालेमै बसे ।




**- केदार सुवेदी**

भ्रष्ट नै होस् देशको नेता भनेको राजनीतिमा खारिएको मान्छे नै चाहिन्छ । कमेडियन र पत्रकारलाई मजाक मजाकमा नेता बनाइयो भने हालात युक्रेनको जस्तै हुन्छ । पश्चिमी इसारामा चल्ने हतियार बिहीन अनमिन त खेदाए चीन र भारतले नेपालबाट भने रसियाले आफ्नै आँगनमा अमेरिकी बेसक्याम्प राख्न दिन्छ होला त ?

# रूस-यूक्रेन लडाइँबाट के सिक्ने ?

**रसियाको दादागिरी र यूद्ध उन्माद त जिम्मेवार छ नै, अहिले यूक्रेनीहरूको यही उग्र राष्ट्रवादले गर्दा देशको अस्तित्व नै नरहने अवस्था सिर्जना भएको छ । रसिया जस्तो शक्तिशाली देशले आफ्नो आँगनमा हुर्किँदै गरेको 'एन्टी-रशियन' राष्ट्रवादलाई किन सहन्थ्यो र ?**

**टिप्पणी**



● नारायण गाउँले

नेपाल र भारतबीच केही सय वर्ष मात्रै होइन, पौराणिक कालदेखिकै धार्मिक-सांस्कृतिक सम्बन्ध छ । जाति, धर्म, भाषा, संस्कृति, रगत कति हो कति कुरामा सम्बन्ध छ । आज पनि देशको सबै जसो आयात-निर्यात भारतबाटै हुन्छ र नेपालमा सड़कदेखि विद्युतीकरणसम्म भारतीय सहयोग छ । औपचारिक-अनौपचारिक रूपमा लाखौं नेपाली भारतमा रोजगारीमा छन् । यहाँसम्म कि एक-आपसमा बिना भिसा आवतजावत, काम र बसोबास गर्न सकिन्छ । नेपाली भाषा भारतीय संविधानमैं मान्यता प्राप्त छ । नेपाली मूलका लाखौं भारतीय छन् भने भारतीय मूलका लाखौं नेपाली पनि छन् । लाखौं नेपाली नागरिक त भारतीय सेनामैं पनि छन् । विश्वको कुनै पनि देशले सेना या सुरक्षा निकायमा शत्रु देशका नागरिकलाई नियूक्ति त परको कुरा, पहुँच पनि दिँदैनन् । यसले पनि नेपाल-भारत मित्र देश हुन् भन्ने देखिन्छ । यस्तोमा नेपाल-भारत एक-अर्काविरूद्ध उभिने कल्पना पनि असम्भव छ ।

तर, नेपालभित्रको राष्ट्रवादमा भारतविरोधी गन्ध दिनहुँ बढ्दो छ र यसमा हाम्रा राजनैतिक दलको अलि चर्कै योगदान पनि छ । धेरै नेपालीलाई लाग्छ, भारतको नियत नै हामीलाई दुःख दिनु हो । लाग्छ, भारत यहाँका कमजोरीमा खेल्न चाहन्छ र हाम्रो राजनीतिलाई म्यानेज गर्न चाहन्छ । हरेक देशका आ-आफ्नै सीमा समस्या छन्, पक्कै नेपालको पनि छ । तर, हामीलाई दिनदिनै भारतले सीमा मिच्दै काठमाडौंसम्मै आइपुग्छ भन्ने लाग्छ । भारतसँग भएका हरेक सन्धि र सम्झौता आसमान छन् र राष्ट्रघाती छन् भन्ने हामीलाई लाग्छ । हामीलाई खुला सीमाका फाइदा-बेफाइदा दुबै अध्ययन गरेर बस्ने फुर्सद र जाँगर छैन । कसैले सीमामा काँढे तार लगाउँछु भन्यो भने हामी गास काटेर दिन तैयार छौं । दिनदिनै आवत-जावत र नातासम्बन्ध भएका तराईका केही नागरिकलाई छोडेर । कसैले भारतविरूद्ध सुरूङ् यूद्ध गर्छु भन्यो भने हामी आफ्ना कलिला बालबालिकालाई कलम थुतेर बन्दूक भिराउन उद्यत हुन्छौं । हामीलाई लाग्छ, भारत कुनै न कुनै दिन नेपाललाई क्वाप्प निल्ने दाउ हेरेर बसेको छ ! हामी भारतसँग असुरक्षित महसुस गर्छौं ।

हामी के गर्छौं ? भारतबाहेकका देशसित एलाइन्स बनाउन पाए हुन्थ्यो भन्छौं । भारतको एउटा नेताले यहाँको कुनै नेतालाई हाम्रो मित्र हो भन्यो भने त्यो सोझै दलाल हुन्छ तर, हाम्रा प्रधानमन्त्रीसम्म चिनियाँ पार्टीसँग प्रशिक्षणमा बसेको फोटो हेरेर हामीलाई गर्व लाग्छ । भारत र पाकिस्तान क्रिकेट खेल्दा पाकिस्तानको समर्थन गर्छौं । चुनाब नजिक आयो भने भारतविरूद्ध अझ चर्को बोल्नेलाई भोट दिन्छौं । नेपाली भूमिबाटै भारतीय विमान अपहरण भएका र नेपाली भूमि प्रयोग गरेर आतंककारीहरू भारत पसेका उदाहरण छन् तर, भारतले हामीसँग सुरक्षा चासो अभिव्यक्त गरेको कसलाई मन पर्ला र ?

आखिर किन यस्तो हुन्छ ? के पहिलो प्याराग्राफ अर्थात् नेपाल र भारत अभिन्न मित्र हुन् भन्ने तथ्य गलत हो ? या भारत विरोधी राष्ट्रवाद गलत हो ? या दुबै गलत हुन् ? के नेपालमा विकास हुने भारतविरोधी भावनामा हाम्रा दलको मात्रै हात छ, या भारत आफैको पनि हात छ ? हाम्रो राष्ट्रवाद अन्धो हो या उसको दादागिरी यसको मुख्य कारण हो ? के हामीले चीन या पाकिस्तानसँग बढाउने सम्बन्ध आत्मनिर्भर बन्नका लागि हो या भारतीय सुरक्षालाई ध्वस्त बनाउन ? यसको उत्तर सबैले एउटै दिन सक्दैनन् । हरेक नागरिकको बुझाइ र व्याख्या फरक हुन्छ । अलिकति सत्य सबै बुझाइमा हुन सक्छ ।

रसिया र यूक्रेनबीच त झन नेपाल र भारतभन्दा सघन सांस्कृतिक-ऐतिहासिक सम्बन्ध छ । दुबै नङ् र मासुजस्तै देखिन्छन् । तर, राष्ट्रवादचाहिँ ठ्याक्कै नेपालजस्तो छ ।

### यूक्रेनको मनोविज्ञान 'रसिया-विरोधी'

धेरै यूक्रेनीहरूलाई जहिले पनि रसियाले निल्न सक्ने डर छ । तिनीहरू रसियाबाहेकका अन्य देशलाई कुनै फाइदा नभए पनि मित्र ठान्छन् र रसियालाई शत्रु । उनीहरू रशियन प्रभावबाट उम्केर यूरोप र अमेरिकासँग जोडिन चाहन्छन् । त्यसका कारण पनि होलान्, हामीलाई माओवादी विद्रोहमा भारतले सहयोग गरेको भन्ने लाग्छ, यूक्रेनमा त विद्रोहीलाई रसियाको सैन्य सहयोग नै छ । लाखौं यूक्रेनी नागरिकलाई रसियाले नागरिकता नै बाँडेको थियो । आठ वर्षअघि क्राइमिया लिएको त सुन्नुभएकै होला । अहिले दुई वटा प्रान्तलाई त देशकै दर्जा दिएर तिनैलाई जोगाउने नाममा सैनिक कारवाहीकै अवस्था छ । रसियाको दादागिरी र यूद्ध उन्माद त जिम्मेवार छ नै, अहिले यूक्रेनीहरूको यही उग्र राष्ट्रवादले गर्दा देशको अस्तित्व नै नरहने अवस्था सिर्जना भएको छ । रसिया जस्तो शक्तिशाली देशले आफ्नो आँगनमा हुर्किँदै गरेको 'एन्टी-रशियन' राष्ट्रवादलाई किन सहन्थ्यो र ?

यद्यपि २०/२५ वर्ष कोसिस गर्दा पनि यूक्रेनले नाटोको सदस्यता पाउन सकेको थिएन र तत्काल पाउने सम्भावना पनि देखिन्नथ्यो, तर उसको स्पष्ट उद्देश्य त्यही थियो । यद्यपि एउटा सार्वभौम राष्ट्रले कुन एलायन्सको सदस्यता लिने या नलिने भन्ने आफै निर्णय गर्न पाउने हक हुन्छ भन्ने तर्क उठ्ला तर, यो जियोपोलिटिकल राजनीतिमा सबैले त्यो हक निर्वाध उपभोग गर्न पाउने सम्भावना न्यून छ । आज त्यही राष्ट्रवादका कारण साठी वर्षे यूक्रेनी नागरिक भरूवा बन्दुक बोकेर रूसी मिसाइलसँग लड्दै छ । बेलायती गुप्तचर संस्थाले रसियाले आक्रमण गर्दै छ भन्ने सूचना यूक्रेनलाई महिनौ अघि दिएको थियो । बेलायत र अमेरिकाले पहिले नै अन्य सहयोग गर्ने तर, यूद्ध भएमा सैनिक नपठाउने बताएका थिए । विश्वशक्ति रसियालाई तीन/चार दिन पनि रोक्न सक्ने क्षमता आफूसँग छैन भन्ने यूक्रेनलाई थाहा थियो । र पनि राष्ट्रियता भन्ने चीज यस्तै हुने रहेछ । यस्तो खालको राष्ट्रियताले पक्कै देशलाई बचाउन सक्दैन ।

आफ्नै आँखाले मात्रै हेर्दा र एकछिन अरूको ठाउँमा राखेर हेर्दा देखिने दृश्य फरक हुन्छन् । तर, लिन सकिने पाठ भने उस्तै र उही हुन सक्छ । लिने नलिने या कति लिने भन्ने त ग्राहकको जिम्मा हो ! लाग्छ, यो यूग बल र बुद्धिको हो । दुबै भए उत्तम, कम्तिमा एउटा भए पनि राम्रो तर दुबै नहुनेहरूलाई त के भन्नु र !

# रुसी आक्रमणको निन्दा गर्ने प्रस्ताव विफल



**काठमाडौं/मस-** युक्रेनविरुद्ध रूसको 'आक्रामण' लाई 'अत्यन्तै कडा शब्दमा' विरोध गर्दै रूसी फौज तुरुन्त फिर्ता लिन माग गरिएको संकल्प प्रस्ताब संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को बैठकबाट पारित हुन सकेन । शुक्रबारको रूसको आक्रमणको विरोध गरिएको उक्त प्रस्तावलाई रूसले भिटो लगाएका कारण विफल भएको हो ।

रुसी आक्रमणको गम्भीर निन्दा गरिएको संकल्प प्रस्तावको पक्षमा सुरक्षा परिषदका १५ मध्ये ११ देशले मतदान गरेका थिए । प्रस्ताव पारित हुनका लागि ९ देशको मत परेको भए हुनेथियो । तर रुसले भिटो प्रयोग गरेर प्रस्ताव विफल पारेको हो ।

रुससहित अमेरिका, बेलायत, फ्रान्स र चीन सुरक्षा परिषदका स्थायी सदस्य हुन् र उनीहरुमाथि भिटो शक्ति छ । रुसले आफ्नो निन्दा गरिएको प्रस्ताव विफल पार्नका लागि भिटो प्रयोग गरेको हो । प्रस्तावमाथि मतदान हुँदा भारत, चीन र युएई अनुपस्थित रहेका हुन् ।

संयुक्त राज्य अमेरिका र अल्बेनियाद्वारा सह-लेखन गरिएको यस प्रस्तावमा परिषद्का १५ सदस्यमध्ये ११ जनाले मतदान गरेका थिए भने चीन, भारत र संयुक्त अरब इमिरेट्सले सहभागिता जनाएनन् । परिषद्को स्थायी सदस्यको रूपमा मस्कोको भिटो शक्तिको कारण यो प्रस्तावना असफल हुने निश्चित प्रायः थियो । तथापि, यस बहसले सदस्य राष्ट्रहरूलाई रूसको छिमेकीविरुद्ध पूर्ण आक्रमणको प्रक्षेपण गर्ने राष्ट्रपति भ्लादिमिर पुटिनको निर्णयको निन्दा गर्ने अवसर दिएको छ । मतदानपछि संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले युद्धले कसैलाई भलो नगर्ने जिकिर गर्दै भने, 'सैनिकहरू आफ्नो ब्यारेकमा फर्कनुपर्छ र नेताहरु वार्ता र शान्तिको बाटोमा लाग्नु पर्छ ।' संयुक्त राष्ट्रसंघको मतदानपछि राष्ट्रसंघका लागि अमेरिकी राजदूतल लिन्डा थोमस-ग्रीनफिल्डले भनिन्, 'म एउटा कुरा स्पष्ट पार्न चाहन्छु । रुसले प्रस्तावलाई भिटो गर्न सक्नुहुन्छ, तर उसले हाम्रो आवाजलाई भिटो गर्न सक्दैन । सत्यलाई भिटो प्रयोग गर्न सक्दैन । उसले हाम्रो सिद्धान्तलाई भिटो गर्न सक्छ तर युक्रेनी जनतालाई भिटो गर्न सक्दैन ।'

प्रस्तावनामा बढी समर्थन जुटाउन मतदान हुनुभन्दा केही घण्टाअघि सुरक्षा परिषद्सामु राखिएको प्रस्तावना खाकामा रहेका शब्दलाई मतदान हुनुभन्दा केही घण्टा पहिले नरम बनाइएको थियो । जस्तै : प्रस्तावनामा रहेको 'निन्दा' शब्दको ठाउँमा 'गम्भीर असहमति' गरिएको थियो र सदस्यहरूलाई शान्ति पुनः स्थापना गर्न सैन्य कारबाही गर्न अनुमति दिन्छ भन्ने संयुक्त राष्ट्रसंघको बडापत्रको अध्याय ७ को सन्दर्भलाई हटाइएको थियो ।

उक्त प्रस्तावनाले युक्रेनको सार्वभौमिकतालाई पुनः पुष्टि गर्‍यो र रूसलाई 'तुरुन्तै युक्रेन विरुद्ध बलको प्रयोग बन्द गर्न' आह्वान गर्‍यो । अन्ततः ७० भन्दा बढी देशहरूले यस प्रस्तावनाको सह-प्रायोजन गरे ।

संयुक्त राष्ट्रसंघका लागि बेलाइतका राजदूत बार्बरा वुडवर्डले भने, 'गल्ती नगर्नुहोस्, रूस एक्लो छ । युक्रेनको आक्रमणलाई कसैको समर्थन छैन ।' रूसको आक्रमणलाई 'उत्तेजक र हठी' भनी वर्णन गर्दै हामीलाई यस पहिले नै जानकारी भएझैं यसले अन्तरराष्ट्रिय प्रणालीलाई खतरामा पार्ने थोमस-ग्रिनफिल्डले बताएका थिए ।

संयुक्त राष्ट्रसंघका लागी रूसी राजदूत भासिली नेबेन्जियाले उक्त प्रस्तावनालाई 'रूसी र युक्रेनी विरोधी' भनेर विरोध जनाए । उनले भने, 'हामीलाई आक्रमण को सङ्ख्याको आधारमा अमेरिकासँग प्रतिस्पर्धा गर्न कठिन छ । तपाईंले नैतिकता कायम गर्न सक्नुहुन्न ।'

युक्रेनी राजदूत सर्गिय किस्लित्स्याले सदस्यहरूलाई 'शान्तिको लागि प्रार्थना गर्न' आग्रह गर्दै केही समय हान्त बनेको सुरक्षा परिषद्को बैठक कक्षमा उभिएका थिए । उनले नबेन्जियालाई पनि 'मुक्तिको निम्ति प्रार्थना' गर्न आग्रह गरेका थिए ।

किस्लित्स्याले रूस नाजी शैलीको कार्यलाई निरन्तरता दिन उत्सुक रहेको आरोप लगाउँदा सहभागी सदस्यहरूले व्यापक रूपमा ताली बजाएका थिए । आफ्नो देशको अपनत्व माथिको व्याख्या गर्दै चिनियाँ राजदूत झाङ जुनले नाटो विस्तारबारे उल्लेख गर्दै भने, 'रूसको वैधानिक सुरक्षा आकांक्षालाई ध्यान दिएर उचित सम्बोधन गर्नुपर्छ ।'

## कतारमा रोजगारको अवसर | कम्पनीः UNO DELIVERY
शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/११/१३ चलानी नं.: ६०१७५११७ LT. No.: 258575

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver (Bike) | 20 | 0 | स. काममा दक्ष | 1400 | ४५,९३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन २२ गते (6 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Link International Placement Service Pvt.ltd.**
LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015
Tokha-10, Prayasnagar, Samakhusi, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

## मलेसियामा वैदेशिक रोजगार | कम्पनीः OEL DISTRIBUTION (KL) SDN.BHD.
शहरः MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/०७/२१ चलानी नं.: ६०१४५८३४ LT. No.: 226365 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Factory Workers | 20 | 0 | स. काममा दक्ष | 1100 | ३१,६१४ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन २२ गते (6 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/ कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने / प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले | रु. १,५००/- रोजगारदाताले | निःशुल्क |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी** :- १. आफ्नो नाममा भिजा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**Maven Recruitment Services Pvt. Ltd.**
साविककोः Baby Star International Pvt. Ltd.
Gov. Lic No. 1081/073/074
Sinamangal-9 (Tara Hall Chowk), Kathmandu, Tel: 4492613, 4494173, Fax: 4494173
9851041565, Email: babystar149@gmail.com, Web.: www.babystar.com.np

## साउदीमा वैदेशिक रोजगार | कम्पनीः WAFAA WORLD CONTRACTING CO. GENERAL ARCHITECTURE
शहरः RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०८/१५ चलानी नं.: ६०१६९२८७ LT. No.: 252080 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 100 | 0 | स. काममा दक्ष | 1000 | ३२,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन २२ गते (6 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Miyon International Pvt. Ltd.**
श्रम इजाजत नं. १२६३/०७४/०७५
Subhidhanagar-35, Kathmandu, Nepal (50 meters ahead of Kantipur Television Building)
Tel: 5199459, Fax: 5199531, Email: miyon.international@gmail.com, Website: miyoninternational.com

**BARAHAKSHETRA MUNICIPALITY**

***Office of the Municipal Executive***

**Chakarghatti, Sunsari**

## Invitation For Bid

**Date Of Publication: 2078/11/15(2022 Feb 27)**

1. ***Barahakshetra Municipality, Office of the Municipal Executive, Sunsari*** invites a bid for the construction ***under National competitive bidding.***

| S.N. | Description of Works | Contract Identification No. | Estimated amount NRs (Without VAT & Contingencies) | Bid Security (NRs) | Bid document fee |
|---|---|---|---|---|---|
| 1. | *Construction of 1st Floor of Prakashpur MA VI,Ward no.10* | BKM/NCB/56/078/079 | NRs 1767698.46 | NRs 50000 | NRs 1000 |
| 2 | *Jamtoki to Khoriya black top road construction CH:0+00 to 0+280* | BKM/NCB/57/078/079 | NRs 3542357.54 | NRs100000.00 | NRs 3000 |
| 3 | *Multipurpose hall CGI sheet roofing work, ward no.-05* | BKM/NCB/58/078/079 | NRs 1276155.44 | NRs 37000 | NRs 1000 |
| 4 | *Construction of community health unit building, Devighat, Ward no.-07* | BKM/NCB/59/078/079 | NRs 1482380 | NRs 42000 | NRs 1000 |

2. Eligible Bidders may obtain further information from Office of ***Barahakshetra Municipality***, Chakraghatti, Sunsari,email id : **barahmun@gmail.com** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below :
   **Name of the Bank:** Mega Bank Ltd, Chakragahtti
   **Name of Office:** Barahakshetra Municipality
   **Office Account no.:** 3060010002948( Antaric rajaswa)
4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 PM, 2078/12/14. Bids received after this deadline will be rejected.

. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM, 2078/12/14 at the office of ***Barahakshetra Municipality***, Sunsari. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to Rs mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.
   **Account Detail For Bid Security:**
   **Name of the Bank :** Mega Bank Ltd, Chakragahtti, Sunsari
   **Name of Office :** *Barahakshetra Municipality*, **Sunsari**
   **Office Account no.:** 3060010003088 (Dharauti Acc.)

8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning whatsoever.

**Chief Executive Office**

**Provincial Government**

**Sudurpaschim Province**

**Ministry of Physical Infrastructure**

## Development Water supply and Sanitation Division Office

**Dadeldhura**

## Invitation for Bid (IFB)

**(First date of publication: 2078-11-15 (Feb 27, 2022)**

1. Water Supply and sanitation division office, Dadeldhura invites open competitive bidding from eligible bidders for the procurement of following goods under National Competitive Bidding (NCB).

| S. No. | Contract Identification No. | Description | Location Of Project | Estimated Amount ( Inclusive of VAT NRs. | Price of Bid Document | Bid Validity Period Total | Bid Security /Bid Bond |
|---|---|---|---|---|---|---|---|
| 1. | 04/078-79/NCB/ WSSDO-Dadeldhura | Procurement ,Supply and delivery HDPE Pipe for Various Water Supply Project in Dadeldhura | WSSDO Dadeldhura Store | 8192520.53 | NRS. 3000 | 90+30= 120 days | 233000.00 |

2 Information to deposit the cost of bidding document and bid security in the bank

| Office Name | Water Supply and Sanitation Division Office, Dadeldhura | | Pre-Bid Meeting | Last Date of Bid Submission | Date of Bid Opening |
|---|---|---|---|---|---|
| Name of Bank | Rastriya Banijya Bank, Amargadhi, Dadeldhura | | Not Applicable | March 29, 2022 12:00 Hours | March 29, 2022 14:00 Hours |
| Revenue Account No. | 1000100200010000 | | | | |
| Revenue Code No. | 14229 | | | | |
| Deposit Account No. | 4020100202030000 | District Treasury Controller Office, Dadeldhura. | | | |
| Office Code No. | 3370575017 | Water Supply and Sanitation Division Office, Dadeldhura. | | | |

3. Bidder can only apply bid electronically through e-procurement section of PPMO's **Website: www.bolpatra.gov.np/egp**
4. Any conditions so far not covered shall be as per Public Procurement Act, 2063 (Amendment 2073) and Public Procurement Regulation, 2064 (10th Amendment 2077). Any amendments in tender notice shall be published in e-procurement section.
5. Eligible bidders may obtain further information from Water supply and Sanitation Division Office Dadeldhura (**Tel: 096-410150** email: **wss.dadeldhura@gmail.com**) during office hour or may visit PPMO web portal **www.bolpatra.gov.np/egp.**

**Division Chief**

## बक्स अफिस समाचार

# 'मञ्च नपाए सामाजिक सञ्जालको भाइरल उपाधि मात्रै लिने हो'

पहिले भक्ति संगीत, भजन सुन्ने एउटै माध्यम थियो, रेडियो नेपाल । रेडियो नेपालले बिहानीको शुरुआत नै भजनबाट गर्थ्यो । त्यसबाहेक गाउँघरमा हुने सत्यनारायण पूजा, चाडपर्व आदिमा भजन संगीत सुन्न पाइन्थ्यो । अहिलेको समयमा भजन गीतका अडियो, भिडियोहरु प्रशस्त सार्वजनिक भइरहेका छन् । लोक भजनलाई नेपाली समाजमा मौलिक तथा सनातन धर्मको एक अभिन्न अंगको रुपमा लिइन्छ । पछिल्लो समय के युवा के वृद्धा लोक भजनप्रति आकर्षित भएको पाइन्छ । लिल बहादुर मगर 'दिनेश बलम्पाकी' पनि पछिल्लो समयका चर्चित युवा भजन गायक हुन् । पन्ध्र वर्ष पहिले स्व. नारायण प्रसाद पोखरेलसँग पोखरा नयाँबजार स्थित दुर्व्यसनीमा लागेकाहरुको पुनर्स्थापनाका लागि आयोजित श्रीमद्भागवत महापुराणबाट शुरु भएको उनको भजल गायन यात्राले अहिले पनि निरन्तरता पाइरहेको छ । स्व. नारायण प्रसाद पोखरेलसँग उनले देशको विभिन्न स्थानमा आफ्नो प्रस्तुति दिएका छन् । नारायण प्रसाद पोखरेलको देहावसान पछि पं दिनबन्धु पोखरेलसँग दुई सय भन्दा बढी महायज्ञमा भजन गायन गरेका भजन गायक मगरले पं. कमलनयन गौतमसँग करिब दुई सय महायज्ञ र अरु विभिन्न कथा वाचकहरुसँग एक सय जति कथामा गायन प्रस्तुत गरिसकेका छन् । उनका दर्जन बढी रेकर्डेड भजनहरु विभिन्न सञ्चार माध्यमबाट प्रशारण हुने गर्दछ भने युट्युवमा हेर्न सुन्न सकिन्छ । मौलिक कला र संस्कृति झल्कने खालका विषवस्तु समेटेर भजन गायक मगरले केही भजन संग्रह प्रकाशन गरेका छन् र केही प्रकाशनको तयारीमा रहेको उनले बताए । उनका भजन एल्बमहरु नाचन राधा छमछम, कीर्तनामृत र पुस्तकहरुमा अध्यात्म निर्देशिका भजन पुस्तक, कीर्तनामृत पुस्तक, भजन माला पुस्तक सार्वजनिक भैसकेका छन् । विभिन्न भजनमण्डल संस्थाहरुमा आवद्ध रहेका **लिल बहादुर मगर**लाई भक्ति गायनको क्षेत्रमा भने दिनेश बलम्पाकी नामबाट चिनिन्छ । भजन गायनमा आत्मसन्तुष्टी मिल्ने बताउने र भजन गायनमा पृथक पहिचान बनाएका मगरले मध्यान्ह दैनिकका लागि **सानु श्रेष्ठ**सँग गरेको कुराकानीको सम्पादित अंश :





**यो क्षेत्रमा प्रवेश कसरी भयो ?**

यही क्षेत्रमा मेरो एकजना मित्र हुनुहुन्थ्यो अमर राना, उहाँको अनुरोधमा पहिलो पटक वाचन शिरोमणी स्व. पं. नारायण प्रसाद पोखरेलज्यूको वाचकत्वमा रहेको श्रीमद्भागवत महापुराणमा सहभागी भएको थिएँ, त्यहीँबाट शुरु भएको हो ।

**हामीकहाँ भजन गायनको स्थिति कस्तो छ ?**

यज्ञ, महायज्ञ सप्ताह पुराण पूजाहरुमा भजन कीर्तन भएकै हुन्छ, रेडियो टेलिभिजनमा पनि



भजन बजेकै छ समग्रमा राम्रो छ ।

**भजन गाएर पूर्णकालीन संगीतमा लाग्नेहरू कति छन् ?**

होलान् सय भन्दा बढी प्रत्यक्ष व्यावसायिकरुपमा भजन गाउने गायकहरु ।

**भजन संगीतका श्रोताहरु कुन उमेर समूहका हुन्छन् ?**

अहिलेका भजन संगीत भगवानप्रति आस्था राख्ने युवाहरुले पनि चासो देखाएकै छन्, उमेर ढल्केकाहरु त छँदैछन् ।

**पहिले भजन सुन्ने एउटै माध्यम थियो, रेडियो नेपाल । अहिले यज्ञ, महायज्ञ सप्ताहरुमा सुन्न पाइन्छ, यसको दायरा फराकिलो भएको हो ?**

अवश्य पनि फराकिलो भएको छ ।

**भजन गायनबाट कतिको सन्तुष्ट हुनुहुन्छ ?**

भगवन भगवतचर्चा सुन्न सुनाउन पाउँदा म एकदमै खुशी छु।

**भजन गायनबाटै आफूलाई परिचित बनाउन कति समय खर्चनु भयो ?**

मैले भगवद्भजन गरेको पन्ध्र वर्ष जति भयो ।

**भजन रेकर्ड, भिडियो निर्माणमा व्यापकता छाएको छ, यसलाई कसरी लिनु हुन्छ ?**

एकदम राम्रो । वैदिक सनातन धर्ममा आस्था राख्नेहरुको लागि भगवद्भजनहरु रेकर्डिङ भिडियो निर्माण अझै धेरै होस् भन्ने चाहन्छु।

**प्राय: गायक, गायिकाले एउटा भएपनि भजन गीत गाएको पाइन्छ । भजन गीतको व्यावसायिक पाटो कस्तो छ ?**

ईश्वरप्रति आस्था राख्ने गायक गायिकाज्यूहरुले आत्मासन्तुष्टिकै लागि भजन गाउनु भयो होला र गाउनु पर्छ पनि तर यसको व्यावसायिक पाटो त्यति फराकिलो छैन ।

**भजन भगवानसँग सम्बन्धित भएका कारण आत्मसन्तुष्टिकै लागि गाएको भन्नेहरु धेरै छन् यसमा तपाईंको राय के छ ?**

भजन गाउँदा आत्मसन्तुष्टि त मिल्छ नै अहिले आएर हामीजस्ता प्रत्यक्ष गायन गर्नेहरुको लागि भजनले भोजन पनि मिलेकै छ ।

**यसमा लगानीको जोखिम कतिको हुन्छ ?**

भजनमामात्रै होइन अरु गीत संगीतमा पनि लगानीको जोखिम नै छ, मञ्च पाइएन भने त सामजिक सञ्जालको भाइरल उपाधिमात्रै लिने हो ।

**पछिल्लो समय रहरले अध्ययन बिनै भजन गीत गाउने प्रवृत्ति बढेकोप्रति के भन्नु हुन्छ ?**

बिना अध्ययन त कहाँ के गर्न सकिन्छ र ? बुझेर लागेको राम्रो ।

**अरु गीत जस्तो व्यावसायिक नभएका कारण भजन गायनमा कमले चासो दिएको हो ?**

अवस्यमेव । तर, व्यावसायीक भन्दा पनि भावले भजन हुने हो ।

**सुन्ने भन्दा पनि हेर्ने गीत संगीतको चलन बढ्दो छ, युट्युबमा तपाईंको भजन भिडियो कति छन् ?**

मेरो भजनको भिडियो चाहिँ एकदमै कम छ अडियो चाहिँ तीन दर्जन जति गाएको छु । पछिल्लो भजन भिडियो राम भुलियोले युट्युवमा राम्रै भ्युज पाइरहेको छ ।

**हरि भजन, कृष्ण भजन भने जस्तै कति प्रकारको भजन चल्तिमा छन् ?**

हरि, कृष्ण, राम, देवि जो देविदेवताका नाम गाइन्छ त्यो भगन्नाम भजन हो, देश प्रेमले ओतप्रोत शब्द भएका गीत पनि भजन नै हो र मानव जीवनको भजन पनि हुन्छ । जीवनसँग सम्बन्धित भजन मैले भर्खरै सार्वजनिक गरेको छु, मोह जालमा फसियो राम भुलियो ।

**श्रोताहरुको अगाडि प्रत्यक्ष भजन गाउँदा हुने राम्रा नराम्रा पक्षको अनुभव ?**

प्रत्यक्ष भजन गाइरहँदा भक्तजनले पनि भावले सुनिरहँदा ईश्वरप्रतिको आस्था अझै बढेको महसुस गर्छु। कहिले काहीँ भजनको बीचमा केही भक्तहरुले चलन चल्तिको गीत गाउन अनुरोध गरेको पनि अनुभव छ मसँग ।

**अन्त्यमा: भविष्यमा भजन संगीतको अवस्था कस्तो देख्नुहुन्छ ?**

यो त अनन्तदेखि चलिआएको अनन्तसम्म नै रहन्छ, बस यसलाई आध्यत्मिक जनहरु मिलेर भावी पुस्ताको लागि यसको महत्व दर्साउन सक्नु पर्छ । हामी भजन गायनमा लागेकाहरुलाई मिडियाले स्थान र चासो कमै दिन्छन् । मलाई सम्झनु भएकोमा लोकप्रिय मध्यान्ह दैनिक परिवारप्रति नमन ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति: २०७८/११/१५**

**अफेडहिन कन्सल्टेन्सी एण्ड टेनिङ्ग सेन्टर प्रा.लि.**को मिति २०७८/०९/२३ गते बसेको विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ग्रिन कर्णाली कन्सल्टेन्सी एण्ड टेनिङ्ग सेन्टर प्रा.लि.** कायम गर्ने गरी मिति २०७८/१०/१८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Government of Nepal

Ministry of Health and Population

## Department of Health Services

### Gajendra Narayan Singh Hospital, Saptari

**Invitation for Bids**

**Date of Publication: 2078/ 11/15**

1. The Department of Health Services, Gagendra Narayan Singh Hospital Saptari. invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedure.

| S. N. | Contract No. | Description of Work | Total Estimate Amount Without VAT (NRs.) | Bid Security Amount (NRs.) | Price of Bid Document NRs | Bid Purchase Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1. | EGP/NCB/ WORKS/GNH/ 2078/79/10 | Construction of Roof Truss Above First Floor of Emergency Building and outdoor OPD. | 11,686,286.13 | 3,50,000 Total 120 Days of validity | 3,000.00 | 2078 /12 /14 | 2078 /12 /15 |
| 2 | Ration/GNH/ 2078/79/9 | Ration tender for Gajendra Narayan singh Hospital 2078/79 | 3549192.00 | 90,000.00 Total 120 Days of validity | 3,000.00 | 2078 /12 /14 | 2078 /12 /15 |

2. Bidders shall download the bidding documents and purchase/submit their bid electronically through web portal **www.bolpatra.gov.np/egp.** Bids received after the deadline will be rejected. Bidders, submitting their bid electronically should deposit the cost (as specified above) of bidding document in the project's Rajaswa (revenue) account as specified below and upload the scanned copy (PDF format) of the Bank deposit voucher at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

| | | |
|---|---|---|
| Name of the Bank | : | rastriya banijya bank |
| Name of Office | : | Gajendra Narayan Singh Hospital, Saptari |
| Rajaswa Khata No. (Revenue Account) | : | 1000200010000 |
| Office Code No. () | : | 370001502 |
| Revenue Topic No. | : | 14229 |
| Security Deposit (Dharauti Khata) No. | : | 2180100102030000 |

3. Bidders must submit their bid with updated Firm Registration, VAT/PAN certificate, Updated Tax clearance certificate. otherwise bid shall be non-responsive. Eligible Bidders may obtain further information at following address or may visit PPMO website **(www.bolpatra.gov.np/egp).**

**Chief Medical Superintendent**

## INVITATION FOR BID

### Shree Nepal Rastriya Secondary School

**Chunwang,Rukum (East)**

**Lumbini Province, Nepal**

**Invitation for Bid for the construction work under the below mentioned contract.**

**First Date of Publication: 2078/11/15 B.S (2022/02/27 A.D)**

1. Shree Nepal Rastriya Secondary School invites electronic bids from Nepalese eligible bidders for the below mentioned Contract Under National Competitive bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Office of Shree Nepal Rastriya Secondary School, Chunwang, Rukum (East)
3. A complete set of Bidding Documents may be downloaded by visiting PPMO e-GP system ww.bolpatra.gov.np/egp.
4. Pre-bid meeting shall not be held.
5. Sealed bids must be submitted though electronically to the office Shree Nepal Rastriya Secondary School,Chunwang Rukum (East) on or before 12:00 Noon on 2078/12/15 B.S( 2022/03/29 A.D) . Bids received after this deadline will be rejected automatically.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 15:00 on 2078/12/15 B.S (2022/03/29 A.D) at the office of Shree Nepal Rastriya Secondary School, Chunwang, Rukum (East). Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of the below mentioned amount which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. All other terms and conditions will be as per the Nepal's Government Prevailing Public Procurement Act 2063 and Regulations 2064 including all amendments.
9. Shree Nepal Rastriya Secondary School, Chunwang, Rukum (East) reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Citizens Bank International Ltd. ,Bhume branch
   Name of Office: Shree Nepal Rastriya Secondary School, Chunwang,Rukum(East)
   Account name and no. : Citizens Current Account, 0780100000058201
   Information to deposit for bid security in Bank:
   Name of the Bank: Citizens Bank International Ltd. ,Bhume branch
   Name of Office: Shree Nepal Rastriya Secondary School, Chunwang,Rukum(East)
   Account name and no. : Citizens Current Account, 0780100000058201
10. The Name and identification no. of the contract is as follow:

| S. N. | Description of Works | Contract ID | Estimated Amount (with VAT in NRs.) | Bid Document Fee (NRs.) | Bid Security Amountt(NRs.) |
|---|---|---|---|---|---|
| 1 | Construction of Chunwang Model School Building | EGP/NRMV/NCB /2W-01/2078-79 | 1,39,20,000.00 ( One crore thirty nine lakh twenty thousand only) | 3000.00 (Three thousand only) | 3,48,000/-( Three lakh forty eight thousand only) |

**Headmaster**

ए डिभिजन लिग सम्पन्न

# अपराजित रहँदै मछिन्द्र च्याम्पियन, आर्मी उपविजेता

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ फागुन



शहीद स्मारक ए डिभिजन लिग सम्पन्न भएको छ। त्रिपुरेश्वर स्थित दशरथ रंगशालामा शनिबार मछिन्द्र फुटबल क्लब र एपीएफ क्लबबीचको खेलसँगै लिग सकिएको हो । अन्तिम खेलमा मछिन्द्रले एपीएफलाई २-१ ले हराएको छ। यस सिजनको लिगको उपाधि मछिन्द्रले जितेको छ। मछिन्द्रले लगातार दोस्रो पटक लिगको उपाधि जितेको हो । उपाधिसँगै मछिन्द्रले ७५ लाख नगद प्राप्त गरेको छ।

यस्तै त्रिभुवन आर्मी क्लबले दोस्रो स्थान हासिल गर्‍यो । यस्तै न्युरोड टिम एनआरटीले तेस्रो स्थान हासिल गर्‍यो । उपविजेता बनेको आर्मीले ५० लाख प्राप्त गर्दा तेस्रो भएको एनआरटीले २५ लाख प्राप्त गरेको छ । ए लिगको डेब्यु क्लब सातदोबाटो युथ क्लब चौथो र मनाङ मर्स्याङ्दी क्लब पाँचौं स्थानमा रह्यो। यस सिजन च्यासल युथ क्लब र ब्रिगेड ब्वाइज क्लब रेलिगेसनमा पर्दै 'बी' डिभिजनमा झरेको छ। त्यस्तै मछिन्द्र फुटबल क्लबका सुनिल बल ए डिभिजन लिग फुटबलको सर्वोत्कृष्ट खेलाडी घोषित भएका छन्। त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शनिबार सम्पन्न लिगमा सुनिल सर्वोत्कृष्ट खेलाडी चुनिएका हुन् । सर्वोत्कृष्ट बनेका उनले नगद ३ लाख प्राप्त गरे ।

फ्रेन्ड्सका जमउल एन्थोनी सर्वाधिक गोलकर्ता चुनिए । ७ गोल गरेका उनले गोल्डेन बल र नगद २ लाख प्राप्त गरे। यस्तै मछिन्द्रकै विशाल श्रेष्ठ उत्कृष्ट गोलकिपर चुनिए। उनले गोल्डेन ग्लोभ्स र २ लाख नगद पाए । आर्मीका दिनेश हेन्जन इमर्जिङ प्लेयर घोषित भए। उनले १ लाख ५० हजार प्राप्त गरे । फेयर प्ले टिमको अवार्ड सातदोबाटो युथ क्लबले जितेको छ।

**अपराजित मछिन्द्र**

मच्छिन्द्र क्लब अपराजित रहँदै सहिद स्मारक ए डिभिजन लिगको उपाधि उचाल्न सफल भएको हो। उसले लिगको अन्तिम खेलमा एपीएफलाई दुई एकले हराउन सफल भयो । जारी लिगमा दुई खेल अगाडि नै लिग च्याम्पियन बनेको मच्छिन्द्रले कुल १३ खेलमा ११ खेलमा जित निकाल्न सफल भयो । साथै उसले लिगमा कुल ३५ अंक जोड्दै यो सिजनको लिग टुंग्याएको छ।

दशरथ रंगशालामा भएको खेलमा मच्छिन्द्रले २० गोल गर्दा मात्र दुई गोल खायो । पहिलो खेलमा एनआरटीसँग गोल खाएपछि अन्तिम खेलमा आएर दोस्रो गोल खायो ।

# प्रधानसेनापति खुला म्याराथनको उपाधि बस्नेतलाई

**काठमाडौं/मस–** यस वर्षको 'प्रधानसेनापति खुला म्याराथन' प्रतियोगितमा तीव्रगतिका धावकको सूचिमा नेपाली सेनाका कृष्णबहादुर बस्नेतले नाम लेखाउन सफल भएका छन् ।

सेना दिवसका अवसरमा शनिबार आयोजित ४२.१९५ किमी दूरीको म्याराथन दुई घण्टा १९ मिनेट ५७ सेकेन्डमा पूरा गरी बस्नेत प्रथम घोषित भए । प्रथम भएबापत बस्नेतले तीन लाख नगद र मोटरसाइकल पुरस्कारका साथै अमेरिकामा हुने वर्ल्ड च्याम्पियनशीपमा भाग लिने अवसरसमेत प्राप्त गरेका छन् । प्रतियोगितमा सेनाकै खड्गबहादुर खड्का दोस्रो तथा सशस्त्र प्रहरी बल नेपालका किरणसिंह बोगटी तेस्रो भए । उनीहरुलाई क्रमशः रु दुई लाख र एक लाख नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरियो । प्रतियोगिताअन्तर्गत पुरुष हाफ म्याराथन प्रतियोगितामा जगेन्द्र राई प्रथम, दिपक अधिकारी द्वितीय र तीर्थकुमार पुन तृतीय भए । उनीहरुलाई क्रमशः रु ७५, ५० र ३५ हजार नगद पुरस्कार प्रदान गरियो । यसैगरी महिलातर्फको हाफ म्याराथनमा सन्तोषी श्रेष्ठ प्रथम, राजपुरा पछाई द्वितीय र विश्वरुपा बुढा तृतीय भए । प्रतियोगितमा प्रथम हुने श्रेष्ठलाई रु ७५ हजार नगद र स्कुटी प्रदान गरियो ।



विजयी प्रतियोगीलाई प्रधानसेनापति प्रभुराम शर्मा, रक्षा सचिव किरणराज शर्मा र युवा तथा खेलकुद मन्त्रालयका सचिव डा दामोदर रेग्मीलगायतले नगद पुरस्कार एवं प्रमाणपत्र प्रदान गरेका थिए । सैनिक मुख्यालय जङ्गीअड्डा परिसरको खेल मैदानमा यसअघि म्याराथनसहित विभिन्न चार विधाका दौड प्रतियोगिताको प्रधानसेनापति शर्माले उद्घाटन गरेका हुन् । सैनिक सहचारी महिला-पुरुषको १० किमी दौड तथा उपत्यकाभित्रका सहायकरथी र सोभन्दा माथिका रथीवृन्द, सैनिक श्रीमती संघका कार्यकारिणी पदाधिकारी सम्मिलित पाँच किमी वाकाथनका विजयी प्रतियोगिलाई पनि नगद पुरस्कार एवं प्रमाणपत्र प्रदान गरियो ।

# उपाधिका लागि सुदूरपश्चिम र एपीएफ भिड्ने

**काठमाडौं/मस–** सुदूरपश्चिम प्रदेश राजधानीमा जारी ललितपुर मेयर कप टी २० महिला क्रिकेट प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा शनिबार भएको खेलमा लुम्बिनी प्रदेशलाई ३८ रनले पराजित गर्दै फाइनलमा स्थान बनाएको हो। यसअघि नै लगातार ३ खेलमा जित हात पारेको एपीएफ पनि फाइनलमा प्रवेश गरिसकेको छ । उपाधिका लागि एपीएफ र सुदूरपश्चिम प्रदेशबीच प्रतिस्पर्धा हुने छ।




सुदूरपश्चिमले दिएको १ सय २९ रनको लक्ष्य पछ्याउँदा लुम्बिनी निर्धारित २० ओभरमा ५ विकेट गुमाएर ९० रनमा रोकिन पुग्यो । लुम्बिनीका लागि नेरी थापाले सर्वाधिक २३ रन बनाउँदा आस्मा पुलामीमगर २२ रनमा पभेलियन फर्किएकी थिइन्।

लक्ष्मी चौधरीले १० रन जोड्दा मधु डिसी ८ रनमा नटआउट रहिन् । यस्तै नितु भण्डारीले ७ रन जोड्दा सरस्वती पुन ४ तथा कप्तान सरस्वती जीएम १ रनमा आउट भएका थिए। सुदूरपश्चिकी कविता कुँवर र सम्झना खड्काले २-२ विकेट लिए।

टस जितेर पहिला ब्याटिङ गरेको सुदूरपश्चिमले २० ओभरमा ५ विकेट गुमाएर १ सय २८ रन बनाएको थियो । उसका लागि सम्झना खड्काले सर्वाधिक ४२ रन बनाउँदा ऋतु कनौजिया ३३ रनको योगदान स्कोरबोर्डमा गरिन्। कविता जोशीले ३२ रन बनाउँदा कविता कुँवरले १० रन बनाएकी थिइन् । लुम्बिनीका लागि नेरी थापाले ३ विकेट लिँदा कृतिका मरासिनी र मधु डिसीले एक एक विकेट हात पारे । समूह चरणका अन्तिम खेल आइतबार भए पनि यसले फाइनल समिकरणमा कुनै परिवर्तन गर्ने छैन। फाइनल खेल सोमबार हुने छ।

# सिमोन र पुष्पालाई केटीएम रनको उपाधि

**काठमाडौं/मस–** दश किलोमिटर दुरीको केटीएम रनको उपाधि केन्याका धावक सिमोन किप्लागेट र शसस्त्र प्रहरी बल (एपीएफ)की खेलाडी पुष्पा भण्डारीले जितेका छन्। दश किलोमिटर स्पर्धामा सर्वाधिक पुरस्कार राशी राखेर आयोजना गरिएको प्रतियोगिता पुरुषतर्फ केन्याली खेलाडी सिमोन र महिलातर्फको भण्डारी विजेता बन्न सफल रहे। शनिबार काठमाडौंमा भएको दौडमा सिमोनले निर्धारित दुरी ३० मिनेट ५५ दशमलव ५७ सेकेन्ड र भण्डारीले ३६ मिनेट २० दशमलव २० सेकेन्डमा पुरा गरे। विजेता दुवै खेलाडी मेडल, ट्रफी सहित एक/एक लाख रुपैयाँ प्राप्त गरे।



शेर्पा आउटडोरको केटीएम सिटीको आयोजनामा सञ्चालन भएको प्रतियोगितामा पुरुषतर्फ दुर्गाबहादुर बुढाले ३० मिनेट ५७ दशमलव ६० सेकेन्डको समय निकाल्दै दोस्रो बने। तेस्रो बनेका मुकेशपलले ३१ मिनेट २२ दशमलव ६३ सेकेन्डमा निर्धारित दुरी पार गरे। चौथौं बनेका अजित कुमार यादवले ३१ मिनेट ३६ दशमलव ४२ सेकेन्डको समय निकाले। सन्तोष विष्ट पाँचौ, सुवास कार्की छैटौं, टंक कार्की सातौं, राजेन्द्र तामाङ आठौं, सञ्जिव नेपाली नवौं र दिनेशसिंह बोगटी दशौं स्थान हासिल गरे। महिलातर्फ एपीएफकी फुलमती राना ३७ मिनेट १४ दशमलव ०१ सेकेन्डको समय निकाल्दै दोस्रो बनिन्। तेस्रो बनेकी राममाया बुढा ३९ मिनेट ४२ दशमलव ०८ सेकेन्डमा निर्धारित दुरी पार गरिन्। महिला स्पर्धामा बिन्द्रा श्रेष्ठ चौथो, सिमोन थारु पाँचौं, सरस्वती बोहरा छैटौं, आशा रावल सातौं, बिमला कार्की आठौं, राधिका श्रेष्ठ नवौं र कृष्णश्वेरी सिन्तकला दशौं स्थानमा रहे।

दुवै स्पर्धाका उपविजेताले ५० हजार रुपैयाँ, तेस्रोले ३० हजार, चौथोंले २० हजार, पाँचौले १० हजार, छैटौंले ५ हजार रुपैयाँ प्राप्त गरे। सातौंदेखि दशौं स्थान प्राप्त गर्ने खेलाडीले गिफ्ट ह्याम्पर प्राप्त गरे। विजेता खेलाडीलाई बागमती प्रदेशका युवा तथा खेलकुद मन्त्री रत्न ढकाल, राष्ट्रिय खेलकुद परिषद् (राखेप)का कार्यकारी बोर्ड सदस्य यकेन्द्र कुँवर र नन्दा बस्याल लगायतले पुरस्कृत गरेका थिए। दरबारमार्गबाट सुरु भएको दौड, भद्रकाली, सहिदगेट, त्रिपुरेश्वर, थापाथली, माईतिघर, बानेश्वर पुगेर पुन सोही रुट हुँदै त्रिपुरेश्वर, न्युरोड, जमल भएर दरबारमार्ग आएर समापन भएको थियो।

## Sabhapokhari Rural Municipality
## Office of the Municipal Executive
**Bahrabise, Sankhuwasabha**
**Province No.1, Nepal**

**Invitation for Sealed Quotation**

**First Date of Publication :- 2078-11-15**

1. ***Sabhapokhari Rural Municipality*** *invites sealed quotations from registered Suppliers for the supply, delivery and installation of the following works :-*

| S. N. | Sealed Quotation No | Description of work | Estimated Amount in NRs. With VAT | Bid Security Amount in NRs. | Last date of Bid Submission | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | SPRM/SQ-01/078/79 | Procurement of Fabricated Steel Parts & Steel Deck for Trial Bridge (Ojak Bridge) | 12,38,708.60 | 35,000.00 | 2078-11-30 upto 12:00 PM | 2078-11-30 at 1:00 PM | Online |
| 2 | SPRM/SQ-02/078/79 | Procurement of Fabricated Steel Parts & Steel Deck for Trial Bridge (Amlama Bridge) | 17,89,555.99 | 45,000.00 | | | |

2. *Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha, Telephone no 029413090, website* ***www.savapokharimun.gov.np*** *or may visit PPMO website* ***www.bolpatra.gov.np/egp*** .
3. *Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP* ***www.bopatra.gov.np/egp****. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document* ***(NRs. 1000.00)*** *in the Project Rajaswa(Revenue) account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.*
*Information to deposite the cost of bidding document in Bank :-*
*Name of the Bank :-* ***Prime Commercial Bank, Sabhapokhari***
*Name of Office :-* ***Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha***
*Office Account no. :-* ***06900231CA Dharauti Khata (For Bid security deposite)***
*Rajaswa (revenue) Shirshak no. :-* ***06900222CA (For Bid document purchase)***
4. *Sealed bids must be submitted to the office Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha through PPMO* ***website www.bopatra.gov.np/egp*** *on or before* ***12:00 PM*** *on* ***2078-11-30****. Bids received after this deadline will be rejected.*
5. *The bids will be opened in the presence of Bidders' representatives who choose to attend at* ***2078-11-30 on 1:00 PM*** *at the office of Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of* ***NRs. 35,000.00 & NRs 45,000.00*** *respectively, which shall be valid for 30 days beyond the validity period of the bid.*
6. *If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.*
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

***Chief Administrative Officer***

INTERSCAFF SAFETY
TRAINING SOLUTION
INTERSCAFF SAFETY
International Vocational Training School

- IRATA Rope Access
- CISRS Scaffolding
- Spray Painting
- Sandblasting
- F/S Carpenter
- Steel Fixer
- Pipe Fitter
- Insulator
- Welders-TIG/MIG/ARC(upto 6G)
- Mason-Marble/Tile/Block
- Industrial Electrician
- Aluminium Fabricator
- A/C Technician
- Plumber

Skill Test / Video Graphy Services
We provide wide range of skill development trainings
NOTE Follow us on Social Media @interscaffsafety
Opposite Basundhara Chowki, Kathmandu, Nepal
Tel : +977 1 436 42 97 | Mobile: 98010 42 999
www.interscaffsafety.com | info@interscaffsafety.com

### रुस–युक्रेन युद्धको नेपालमा असर

# आधारभूत सामग्रीको मूल्य बढ्ने



**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, १४ फागुन

रुस-युक्रेन युद्धको असर नेपालको बजारसम्म पर्न थालेको छ । कोरोना महामारीले थलिएको अर्थतन्त्र तंग्रिन खोज्दै गर्दा फेरि रुसले युक्रेनमा हमला गरेपछि असर थपिन सुरु भएको छ। जसका कारणले नेपालमा सुन, चाँदी, खानेतल र पेट्रोलियम पदार्थको मूल्य उकालो लागेको छ । रुस र युक्रेनबीचको युद्धले नेपालको बजार समेत प्रभावित हुने देखिएको छ। विशेषगरी नेपालले विदेशबाट आयात गर्ने औद्योगिक कच्चा पदार्थको मूल्य र पेट्रोलियम पदार्थको मूल्यमा मुख्य असर पर्ने अनुमान गरिएको छ । जसका कारणले सम्पुर्ण बजार नै प्रभावित हुनसक्छ ।

## पेट्रोलियम पदार्थको मूल्यमा असर

अमेरिकाले रसियामाथि थप प्रतिबन्ध लगाउने घोषणा गरेपछि यसको असर अन्तराष्ट्रिय बजारमा देखिइसकेको छ । अन्तराष्ट्रिय बजारमा अमेरिकी प्रतिबन्धसँगै कच्चा तेलको मूल्य २.१९ प्रतिशतले बढेर प्रतिब्यारेल १०१.२५ डलर पुगेको छ ।

निगमका प्रवक्ता बिनितमणी उपाध्याय पछिल्लो घटनाक्रमले नेपाललाई थप समस्यामा पार्ने कुरा बताएका छन्। 'पछिल्लो ४/५ दिनमा कच्चा तेलको मूल्य १० डलरभन्दा बढीले बढेको छ । यस हिसाबले अब थप मूल्य बढेर आउने सम्भावना छ,' प्रवक्ता उपाध्यायले सञ्चारमाध्यमलाई भने, 'अब निगमलाई कसरी धान्ने भन्नै विषय नै अन्योलमा छ । तर, निगम सरकारी निकाय भएकाले यसलाई बचाउन सरकारले नै केही सोचेको होला ।'

## खाने तेलको मूल्यमा असर

रुस युक्रेनबीचको युद्धका कारणले नेपालको बजारमा खानेतेलको मूल्य प्रभावित हुने देखिएको छ। नेपालले युक्रेनबाट समेत खाने तेलको कच्चा पदार्थ आयात गर्दै आएको छ । युक्रेनबाट चालू आर्थिक वर्षको सात महिनामा मात्रै ७९ करोड ४७ लाख रुपैयाँको कच्चा भटमास तेल आयात भएको तथ्यांकले देखिन्छ । यस्तै, सोही अवधिमा ९ अर्ब ५४ करोड ६३ लाख रुपैयाँको कच्चा सुर्यमूखी तेल आयात र करिब ३ अर्ब ९५ करोड रुपैयाँको तोरीका दाना आयात भएको भन्सार विभागले जनाएको छ। रुसले युक्रेनमाथि सैन्य हमला गरेसँगै नेपाल आउने सबै प्रकारका कच्चा तेलको आयात रोकिने हुनाले नेपालको तेल बजार पुर्ण रुपमा प्रभावित हुने अनुमान गरिएको छ ।

## विदेशी मुद्राको सञ्चितीमा असर

चालु आर्थिक वर्षको ७ महिनामा गत वर्षको तुलनामा सामानको आयात परिमाण बढी नभएपनि मूल्यवृद्धिका कारण ७ महिनामै ११ खर्ब ४७ अर्ब रुपैयाँ बराबरको आयात भएको हो । जसले गर्दा विदेशी मुद्राको सञ्चिती पनि घट्ने क्रम देखिएको हो । केन्द्रीय बैंककाको तथ्यांक अनुसार माघ मसान्तसम्म भुक्तानी सन्तुलन २ खर्ब ४१ अर्ब रुपैयाँले घाटामा हुँदा विदेशी मुद्राको सञ्चिती ११ खर्ब ६५ अर्ब रुपैयाँमा सीमित रहेको छ। रुस-युक्रेन युद्धको कारणले सम्पुर्ण विश्व बजार प्रभावित हुने हुँदा आयात गर्नुपर्ने सामाग्रीको मूल्य वृद्धि भएपछि विदेशी मुद्राको सञ्चितीमा थप गिरावट हुने अनुमान गरिएको छ ।

## सुनको मूल्यमा असर

रुस-युक्रेन युद्ध पश्चात अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य निरन्तर उकालो लागेको छ। दुइ देशबीचको युद्धको कारणले सुनको उत्पादन प्रभावित बन्ने छ । यस्तै, लगानीकर्ताहरूको ध्यान समेत सुनतर्फ मोडिनेछ । लगानीकर्ताले अन्य क्षेत्रको लगानी कटाउँदै सुनमा लगानी बढाउँदा सुनको मूल्य थप उकालो लाग्ने सम्भावना देखिएको छ । सुनको मूल्यमा अन्तराष्ट्रिय बजारमा हुने वृद्धिको असर नेपालको बजारमा स्वत: पर्ने छ ।

# साताभरि नै आएन नेप्सेमा उत्साह

**काठमाडौं/मस–** यो सातामा नेपाल स्टक एक्सचेञ्ज (नेप्से) ७१ अंकले घटेको छ। आइतबार २७३२ विन्दुबाट सुरू भएको नेप्से कारोबार बिहीबारसम्ममा ७१ अंकले घटेर २६६१ अंकमा आइपुगेको हो । नेप्से परिसूचकसँगै यो साता सेयर कारोबार रकम र सेयर खरिदबिक्री दर पनि खुम्चिएको छ ।

यो साता नेप्सेमा १७ अर्ब ७० करोड रुपैयाँ बराबरको सेयर कारोबार भएको छ । गत सातामा नेप्सेमा १८ अर्ब १५ करोड रुपैयाँको सेयर कारोबार भएको थियो । जुन, यो साताको भन्दा ४५ करोडले बढी हो। सेयर बजारमा लगातार आएको गिरावटसँगै नेप्सेको पूँजीकरण पनि घटेको छ ।

गत साता ३८ खर्ब ७० अर्ब रुपैयाँ रहेको पूँजीकरण १ खर्बले घट्दै ३७ खर्ब ६९ अर्ब रुपैयाँमा आइपुगेको छ । सातामा कारोबार भएका १३ मध्ये १२ समूहको सूचक घटेको छ। साताभरमा जलविद्युत समूहको सूचक ०.४० प्रतिशतले बढ्नु बाहेक अन्य समूहको सूचक बढ्न सकेन ।


## धनपालथान गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**सोराभाग, मोरङ**
**१ नं. प्रदेश, नेपाल**

**सिलबन्दी दरभाउपत्र आवहानको सूचना**

**तेस्रो पटक सूचना प्रकाशन मिति २०७८ /११ /१५**

यस धनपालथान गाउँपालिका वडा नं ६ का लागि ईन्जिन जडित स्प्रे मेशिन खरीद गर्नु पर्ने भएकोले खरीद प्रकृयामा भाग लिन चाहने इच्छुक ईजाजत फर्म /कम्पनी /सप्लायर्सहरुले तपसिल सुचनाको सर्तको अधिनमा रहि सिलबन्दी दरभाउपत्र पेश गर्नहुन सम्बधित सबैको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ ।

**तपसिलः**

| क्र.सं. | ठेक्का नं. | ठेक्का विवरण | ल.ई. रकम (मू.अ.कर बाहेक) | धरौटी रकम | दरभाउपत्र पेश गर्ने प्रक्रिया | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | १२/२०७८/०७९ | ईन्जिन जडित स्प्रे मेशिन खरीद (५०% अनुदान) | रु.१६,२६,९००।०० | रु.४५,०००।०० | सिलबन्दी दर भाउपत्र | रु.१०००।०० |

थप शर्तहरु तथा जानकारीको लागि यस गाउँपालिकाको **Website:dhanapalthanmun.gov.np** बाट जानकारी लिन सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



## Invitation for online Bids

## SHIVASATAKSHI MUNICIPALITY
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
**PROVINCE NO.1, JHAPA**

**Contract Identification No:SM/NCB/10/2078/7079**

**Date of publication: 2078/11/15 (27-Feb-2022)**

1. Shivasatakshi Municipality invites electronic bids from Nepalese eligible bidders for the following construction Works under National Competitive Bidding procedures.

| Contract Identification no. | Name of Project | Estimated Amount (Without VAT & PS) | Bid document Fee Nrs | Bid Security Nrs |
|---|---|---|---|---|
| SM/NCB/10/ 2078/079 | Construction of ward no 09 office building ,shivasatakshi municipality | 1,68,22,450.53 | 3,000.00 | 4,78,500 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents from PPMO website **www.bolpatra.gov.np/egp.**
3. A complete set of Bidding Documents may be download from the PPMO's Web Site www.bolpatra.gov.np./egp.. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : Mega Bank Nepal LTD , Birtamod branch
   Name of Office : Shivasatakshi Municipality
   Office Account no. : **3140010000128**
4. Pre-bid meeting shall not be conduct.
5. Electronic bids must be submitted to the office through PPMO **website www.bolpatra.gov.np/egp** on or before **12:00 on 2078/12/15 (29-Mar-2022).** Bids received after this deadline will be rejected.
6. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 2078/12/15 (29-Mar-2022). at the office of Shivasatakshi Municipality , province No. 1, Jhapa . Bids must be valid for a period of 90 after bid opening and must be accompanied by a bid security amount as stated above deposited at Dharauti account No. **3140010000161 on behalf of** of Shivasatakshi Municipality at Mega Bank Nepal LTD , Birtamod branch or bid bond authorized from a recognized "A" class commercial bank or Finincial institution eligible to issue bank gurantee as per prevailing law of Nepal. A scanned copy of the bid security in .pdf format, amounting as mentioned above which shall be valid for **30 days** beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bids should comply in all respects with the Instruction to Bidder included in the bid document no compliance with this instruction shall result in disqualification.
9. All the other condition of bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064
10. Shivasatakshi Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**CHIEF ADMINISTRATIVE OFFICER**



## भैरबी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**भैरीकालिकाथुम दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

**सडक निर्माण सम्वन्धि दरभाउपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशन मितिः २०७८/११/१५ गते**

यस गाउँपालिका अन्तरगत तपशिल बमोजिमको सडक निर्माण कार्य गर्न इच्छुक र इजाजत प्राप्त फर्म/निर्माण व्यवसायी/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलवन्दी दरभाउ पत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१ यो सूचना प्रकाशित भएको मिति देखि १५ औं दिनसम्म सिलबन्दी दरभाउपत्र फारम www.bolpatra.gov.np/egp मा गइ फर्म अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाण पत्र, स्थायी लेखा नम्बर प्रमाणित प्रमाणपत्र, आ.व २०७७/०७८ सम्मको कर चुत्ता गरेको प्रमाणित पत्र वा आर्थिक वर्ष २०७७/०७८ को कर/आय विवरण पेश गरेको प्रमाणित प्रतिलिपी र निवेदन साथ पेश गरेपछि नियमानुसार सिलवन्दी दरभाउ पत्रको फारम दस्तुर रु.१०००/-(रकम फिर्ता नहुने गरी) यस कार्यालयको सिभिल बैंक भैरवी शाखाको आन्तरिक राजश्व खाता नं ०६६१०१८२९०६०९८ जम्मा गरेको भौचर अनलाइन अपलोड गराउनु पर्ने छ ।
२ खरिद गरिएका सिलवन्दी दरभाउ पत्र फारमहरुको महलहरुको स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२.०० बजेभित्र वेवसाइटमा अपलोड गराउन सकिने छ ।
३ सिलवन्दी दरभाउ पत्र फारम साथ जमानत वापतको रकम यस कार्यालयको सिभिल बैंक भैरवी शाखामा रहेको खाता नं ०६६१०१८२९०६०४७ को धरौटी खातामा दाखिला गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैकबाट यस कार्यालयको नाममा जारी गरिएको ७५ दिन म्याद भएको जमानीपत्र बोलपत्र साथ पेश गर्नुपर्नेछ। यसरी पेश गरिने जमानत वापतको भौचर रसिद विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ ।
४ पेश हुन आएका सिलबन्दी दरभाउपत्र फारमहरु यस कार्यालयमा फर्म कम्पनी, संस्थाकाहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ तर निजहरुको अनुपस्थितिमा पनि सिलवन्दी दरभाउपत्र खोल्न बाधा पर्नेछैन । फारम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्य विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
५ प्राप्त सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
६ सिलवन्दी दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु सिलबन्दी दरभाउपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन् ।
७ अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन २०६३ (संशोधनसहित) तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।
८ अन्य थप केही कुराहरु बुझ्नु परेमा भैरवी गाउँ कार्यपालिकाको कार्यालयमा कार्यालय समयभित्र कार्यालय मोनं ९८४०७२५६६१ मा सम्पर्क गर्न सकिने छ ।

| क्र.स. | ठेक्का नं. | निर्माण कार्यको विवरण | लागत अनुमान (भ्याट वाहेक) | जमानत रकम | सिलबन्दी दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | BRM/SQ/WORKS/ 2078/079–09 | Construction of Khambagade Bhairi Road | 1559268.94 | 55000 | 1000 |
| २ | BRM/SQ/WORKS/ 2078/079–10 | PCC work of Dandi mandi kusapani road of Aasikarne to Kalgauda | 1687944.24 | 60000 | 1000 |

**हरीबहादुर थापा**
**प्रमुख प्रशासकीय अधिकृत**


प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: **०१–४२२६३६६, ०१–४२२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**